का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ पुस २०८१,
मंगलबार
7 January, 2025
Tuesday


मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३१९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गाउँ नजाने नेता !

नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्यहरूले पार्टी नेतृत्व काठमाडौँमा केन्द्रित हुने तर गाउँ/टोलमा नजाने प्रवृत्तिले जनतासँगको सम्बन्ध टाढिन पुगेका समान निष्कर्ष नेतृत्वलाई सुनाएका हुन्



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

२ प्रमुख कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा (माओवादी केन्द्र) केन्द्रीय समितिको बैठकमा छन् । दुवै पार्टीमा मूल नेतृत्वले राजनीतिक प्रतिवेदन पेस गरेर केन्द्रीय सदस्यको धारणा लिइरहेका छन् । यस क्रममा एमाले र माओवादी केन्द्रका केन्द्रीय सदस्यहरूले पार्टी नेतृत्व काठमाडौं केन्द्रित हुने तर, गाउँ/टोलमा नजाने प्रवृतिले जनतासँगको सम्बन्ध टाढिन पुगेका समान निष्कर्ष नेतृत्वलाई सुनाएका छन् ।

नेताहरूका अनुसार माओवादी केन्द्रमा आइतबार प्रदेशगत समितिहरूले रिर्पोटिङ गरेका थिए । त्यसक्रममा उनीहरूले पार्टीको मूल नेतृत्व »» पृष्ठ २ मा

## माओवादीमा विशेष महाधिवेशन माग

माओवादी केन्द्रभित्र विशेष महाधिवेशनको माग उठेको छ । सोमबार केन्द्रीय समितिको बैठकमा बोल्ने केन्द्रीय सदस्यहरूले विशेष महाधिवेशनको माग राखेका हुन् ।

आइतबार केन्द्रीय समितिको बैठकमा उपमहासचिवद्वय जनार्दन शर्मा र वर्षमान पुन निकटका नेताहरूले विशेष महाधिवेशन माग गरेका हुन् ।

आइतबार माओवादी अध्यक्ष प्रचण्डले आफू नवौं महाधिवेशनबारे प्रस्ट रहेको बताएका छन् । यस सम्बन्धमा आफूसँग २ विकल्प रहेका भन्दै उनले प्रस्ट धारणा दिन आग्रह गरेका थिए । नवौं महाधिवेशनका लागि वर्तमान »» पृष्ठ २ मा



"प्रचण्डसहितका सबै नेता, कार्यकर्ताहरु श्रम र उत्पादनमा जोडिनुपर्छ भन्ने आएको छ । उत्पादनमा जोडिँदा श्रम र जनता दुवैसँग जोडिन सकिन्छ

■ **अग्निप्रसाद सापकोटा**
**उपाध्यक्ष**
**माओवादी केन्द्र**



"पार्टी स्कुलिङलाई लगातार जिल्लासम्म संचालन गर्नुपर्ने विषय आएको छ । पार्टीलाई आधारभूत तहमा सबलीकरण गर्नुपर्नेमा एकमत देखिन्छ

■ **राजेन्द्र गौतम**
**प्रचार विभाग प्रमुख**
**एमाले**

# करारका डाक्टरको भर




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाची, २२ पुस ।

जिल्ला अस्पताल अर्घाखाँची अहिलेसम्म काज सरुवा तथा करारमा नियुक्ति गरिएका डाक्टरहरूको भरमा संचालन भएको छ । ५० बेडको सो अस्पतालमा मेडिकल सुपरिटेन्डेन्टसहित १६ जना डाक्टरको दरबन्दी भए पनि ती दरबन्दी सबै खाली रहेका अस्पतालका सूचना अधिकारी निम रानाले जानकारी दिए ।

रानाका अनुसार जिल्ला अस्पतालमा १० जना विशेषज्ञ डाक्टर, ६ जना मेडिकल अधिकृतको दरबन्दी भए पनि हालसम्म प्रदेश सरकारले दरबन्दीअनुसारका डाक्टरहरू नपठाउँदा अर्घाखाँचीका बिरामीहरू मर्कामा परेका छन् । अहिले अर्घाखाँची अस्पतालमा कुकुरले टोकेमा लगाउने रेबिज भ्याक्सिनसमेत नपाइने भएको छ ।

जिल्ला अस्पतालमा मेडिकल अधिकृत आठौं तहमा ६ जनाको दरबन्दी छ भने १० जना विशेषज्ञ डाक्टरको दरबन्दी पूरै खाली छ । ५० बेडको अस्पतालमा जनरल फिजिसियन डाक्टर, हाडजोर्नी रोग विशेषज्ञ, सर्जन, अपरेसन कन्सल्टचान्ट, प्याथोलोजिस्ट डाक्टर, कन्सल्टचान्ट डाक्टर, रेडियोलोजिस्ट, स्त्री रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, दाँत रोग विशेषज्ञ, मनोचिकित्सक र जनरल सर्जनको दरबन्दी खाली रहेको अस्पतालका सुचना अधिकारी रानाले बताए ।

उनले भने, 'अस्पतालमा अहिले बरिष्ठ एमडीजीपी डाक्टर जगन्नाथ तिवारीको नेतृत्वमा ७ जना डाक्टरहरू करारमा नियुक्ति गरी अस्पताल संचालन भएको छ ।' डाक्टर तिवारी संघीय अस्पतालबाट काज सरुवामा अर्घाखाँची आएर यहाँका बिरामीको सेवा गरिरहेका छन् भने अर्का एमडीजीपी डाक्टर अशोक शाहले जिल्ला अस्पताल छाडिसकेका छन् ।

उनको ठाउँमा डाक्टर पवनकुमार शाह, नेक्स साइमन प्रोजेक्टका डाक्टरले अर्घाखाँचीबासीलाई सेवा दिन सुरु गरेका छन् ।

अस्पताल संचालनमा डाक्टर तिवारी र अन्य करारका डाक्टरहरूले निकै मिहिनेत गरेका मात्रै छैनन्, जिल्लाबासीको मन जित्न सफल पनि भएका छन् । अर्घाखाँचीको ५० बेडको अस्पतालमा खचाखच भरिएका बिरामीलाई गुणस्तरीय सेवा दिएर डाक्टरहरूले जिल्लाबासीको सेवा गरिरहेका सूचना अधिकारी रानाले मध्यान्हलाई बताए ।

जिल्ला अस्पताल अर्घाखाँचीमा भवनको समस्याले गर्दा भुइँमा राखेर बिरामीको उपचार हुने गरेको छ । अहिले मौसम परिवर्तनसँगै जिल्ला अस्पताल अर्घाखाँचीमा बिरामीको संख्या निकै बढेको छ ।

अस्पतालमा बिरामीको चाप बढेपछि भर्ना भएर बस्नुपर्ने बिरामीलाई बेड अभाव हुने गरेको जिल्ला अस्पताल स्रोतको भनाइ छ । अस्पतालमा बेड अभाव भएपछि बिरामीले निकै कष्ट सहेर पनि उपचार सेवा लिइरहेका छन् ।

एकै प्रकृतिका धेरै बिरामी भएपछि बेड अभावमा बेन्च जोडेर उपचार गरिएको अस्पताल बताउँछ । जिल्ला अस्पताल आउने अधिकांश बिरामीलाई बेड अभावमा प्यासेजमा बेन्च जोडेर उपचार गर्नुपर्ने बाध्यता छ ।

अर्घाखाँची र छिमेकी जिल्ला गुल्मी, प्युठानको उत्तरी क्षेत्रका बिरामीले अर्घाखाँची अस्पतालबाट सेवा लिन्छन् । यहाँ दैनिक ओपीडीमा ४०० र इमर्जेन्सीमा ६० बढी बिरामीले उपचार सेवा »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोरिया जान नपाएपछि युवाहरू आक्रोशित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ पुस ।

छनोट भएको १ वर्षभन्दा लामो समयसम्म दक्षिण कोरिया जान नपाएका भाषा परीक्षा उत्तीर्ण युवाहरू आक्रोशित भएका छन् । मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा ज्ञापनपत्र बुझाउने तयारी गरेका उनीहरूले सोमबार ललितपुरको ग्वार्कोस्थित इपीएस कोरिया शाखा घेराउ गरेर छनोट भएका आफूहरूलाई यथाशक्य छिटो रोजगारीका लागि दक्षिण कोरिया पठाउने प्रबन्ध गरिदिन माग गरेका छन् ।

उनीहरूले मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीलाई पनि सोही विषयमा ध्यानाकर्षण गराउने बताएका छन् ।

पानीजहाज कम्पनीमा काम गर्न परीक्षा पास गरेर छनोट भएका ३ हजार ५०० भन्दा बढी युवा १ वर्षभन्दा लामो समयदेखि उडानको प्रतीक्षामा बसेका छन् । भाषा परीक्षा पास गरेर नेपालमै बसिरहेकाहरूले नेपालमा दीर्घकालीन रोजगारी सुरु गर्न तथा खाडी मुलुक, मलेसिया वा अन्यत्र जान पनि कोरिया जान पाइने आशाले प्रक्रिया अघि बढाउन चाहेका छैनन् ।

पाल्पाका वसन्त बस्यालले आफूहरूको »» पृष्ठ २ मा

## ५ स्वास्थ्य संस्थाको पक्षमा अदालतको आदेश


**काठमाडौं/मस–** उच्च अदालत पाटनले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा जाने केयर गिभरको स्वास्थ्य परीक्षण गर्न श्रम मन्त्रालयले छनोट गरेका ५ वटा स्वास्थ्य संस्थाका पक्षमा आदेश जारी गरेको छ ।

उच्च अदालतका न्यायाधीशद्वय लेखनाथ पौडेल र टीकाराम आचार्यको संयुक्त इजलासले सोमबार रिट निवेदकको मागबमोजिम स्वास्थ्य परीक्षणमा रोक लगाउनेगरी अन्तरिम आदेश जारी गर्न नपर्ने आदेश गरेको हो ।

गत ४ पुसमा इजरायली दूतावासले नेपाल मेडिसिटी अस्पताल, स्टार हस्पिटल, ह्याम्स हस्पिटल, मनमोहन मेमोरियल मेडिकल कलेज र क्रिस्टल डायग्नोस्टिक प्रा. लि. इजरायलको ' जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिवा)को »» पृष्ठ २ मा

# महँगियो यात्रा

भाडा निर्धारणका लागि यातायातका श्रमिकको पारिश्रमिक, इन्धन, टायर, ब्याज, संचालन खर्च, हाककट्टी र संचालन मुनाफालगायतका विभिन्न १३ सूचकलाई आधार बनाएर भाडा समायोजन गरिएको विभागले जनाएको छ




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

सोमबारदेखि सार्वजनिक यातायातको भाडा वृद्धि भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागले सार्वजनिक यातायातको भाडा ३ दशमलव ३० प्रतिशतले बढाएको हो । पहाडी बाटोमा संचालन हुने मालबाहक सवारी साधनको भाडामा ० दशमलव ८१ प्रतिशत र तराईको बाटोमा संचालन हुने मालबाहक सवारीमा ० दशमलव ०५ प्रतिशत भाडा समायोजना गरिएको विभागले जनाएको छ । विभागले यस अघि ३१ साउन २०८० मा अर्थात् १७ महिनाअघि भाडा समायोजन गरेको थियो ।

विभागले सार्वजनिक यातायातको भाडा दर निर्धारण गर्दा इन्धनको भार ३५ प्रतिशत र अन्य सूचकहरूको भार ६५ प्रतिशत अधारमानि भाडा दर समायोजन गरेको हो । २७ असार २०७८ को मन्त्रीस्तरीय निर्णय गरी २९ असारमा भाडा दर समायोजन गरिएको थियो । त्यसपछि इन्धनमा भएको ५ प्रतिशतको मूल्य घटी वा बढी हुँदा भाडा दर समयोजन गरिएको थियो ।

यस्तै, अन्तिम पटक ३१ साउन २०८० मा भाडा दर समायोजन गरिएको थियो । भाडा निर्धारणका लागि यातायातका श्रमिकको पारिश्रमिक, इन्धन, टायर, ब्याज, संचालन खर्च, हाककट्टी र संचालन मुनाफालगायतका विभिन्न १३ सूचकलाई आधार बनाएर भाडा समायोजन गरिएको विभागले जनाएको छ । डिलक्स यात्रुबाहक सवारी साधनले तोकिएको भाडा दरमा २० प्रतिशत रकम थप गरी लिन सक्ने र सुपर डिलक्सको सुविधा लिएका यात्रुबाहक सवारी साधनले डिलक्सको भाडा दरमा २० प्रतिशत रकम थप लिन सक्ने व्यवस्था छ ।

यसरी नै तराईको लामो दुरी (२५० कि.मि.भन्दा बढी) पक्की »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२३ पुस २०८१ मंगलबार
7 January 2025, Tuesday

# निष्पक्ष पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ : राष्ट्रपति

**काठमाडौं/मस**–राष्ट्रपति रामचन्द्र पौडेलले देशको लोकतान्त्रिक आन्दोलन मात्र नभएर सामाजिक र आर्थिक रूपान्तरणमा नेपाली पत्रकारिता क्षेत्र र नागरिक संस्थाका हैसियतले नेपाल पत्रकार महासंघले पुऱ्याएको योगदान सराहनीय रहेको बताए ।

नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीको स्वागत कार्यक्रममा राष्ट्रपति पौडेलले लोकतन्त्रको सुदृढीकरण र स्थायित्व पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्ने बताए । उनले भने, ‘स्वतन्त्र, निष्पक्ष एवं व्यावसायिक पत्रकारिता तथा जनताको सूचनाको हक लोकतन्त्रको आधार स्तम्भ भएकाले हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक हकका



रूपमा प्रत्याभूत गरेको छ । त्यही भएर लोकतन्त्रको सुदृढीकरण र यसको स्थायित्व पनि पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्छ भन्ने म ठान्दछु ।’ राष्ट्रपतिले सूचना प्रविधिको क्षेत्रमा भएको विकासले समाचारको विषयवस्तु, सञ्चारमाध्यम र सूचना सम्प्रेषणमा आएको परिवर्तनले पाठकको सही सूचना पाउने चाहना पूरा गर्न सहज भएको बताए ।

उनले सूचना प्राप्ति र सम्प्रेषणमा सहज भएसँगै चाँडो सूचना दिने होडबाजीमा मिथ्या सूचना प्रवाह हुनसक्ने र त्यसले समाजलाई दिग्भ्रमित पार्न सक्ने जोखिमतर्फ आमसञ्चारका माध्यमहरू सचेत हुन जरुरी भएको बताए ।

राष्ट्रपतिले उपलब्ध नवीन सूचना प्रविधिको अधिकतम प्रयोगसँगै राज्यको चौथो अंगका रूपमा रहेका सञ्चारमाध्यमले स्वतन्त्र, निष्पक्ष र वस्तुनिष्ठताजस्ता व्यावसायिक धर्मको अधीनमा रही सत्यको अन्वेषण र त्यसको सम्प्रेषणमा वर्तमानमा देखिएका चुनौतीलाई चिर्दै सत्य तथ्य सूचना सम्प्रेषण गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रपति पौडेलले श्रमजीवी पत्रकारको हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र व्यावसायिक पत्रकारिताका लागि महासंघले आगामी दिनमा अझ प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गरे ।

### ठूलीभेरी नगरपालिका प्रकरण

# अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन

**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिवादी केशवबहादुर सुनारसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

प्रतिवादी ठूलीभेरी नगरपालिकाका तत्कालीन् निमित्त प्रमुख प्रशासकीय अधिकृत सुनार, इन्जिनियर बसन्त रोकाया र सब-इन्जिनियर विकास खत्री उपर भ्रष्टाचार निवारण ऐन २०५९को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु ३२ लाख २९ हजार दुई सय ७२ कायम गरेको थियो । सोही ऐन बमोजिम उल्लेखित बिगोमध्ये रु १९ लाख ८६ हजार पाँच सय ७५ बैंकमा जम्मा गरिसकेको देखिँदा बाँकी बिगो रु १२ लाख ४२ हजार छ सय ९७ असुल उपर हुनुपर्ने ठहर




आयोगको थियो ।

गलत प्रतिवेदन पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको समेत कसूर गरेकाले निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमसमेत सजाय हुनुपर्ने आयोगको मागदावी रहेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

प्रतिवादी सडक निर्माण योजना निरीक्षण तथा अनुगमन समितिका सदस्य कर्णबहादुर रोकाया, काली सार्की र टोपबहादुर चन उपर पनि सजाय हुनुपर्ने माग आयोगको थियो । उपभोक्ता समितिका अध्यक्ष प्रचण्ड विक्रम शाही, कोषाध्यक्ष सुना कामी र सचिव टोपबहादुर शाहीले बिगो बापतको बाँकी रकम ऐनको दफा ८ को उपदफा (४) बमोजिम जफत हुनुपर्ने मागदावी आयोगले गरेको थियो । विशेष अदालत, काठमाडौंले २०८० पुस २६ गतेको फैसलाबाट सफाइ दिएकाले सर्वोच्च अदालतमा पुनरावेदन गर्नुपरेको प्रवक्ता घिमिरेले बताए ।

## गाउँ...

गाउँ/टोलसम्म पुग्नुपर्ने माग राखेका थिए । सातै प्रदेशका अध्यक्षले पार्टी सदस्यता नवीकरण नसकिएको, सम्मेलन गर्नै बाँकी रहेका र यसको कारण नेतृत्व काठमाडौं केन्द्रित रहेको बताएका थिए ।

उनीहरूको माग थियो, ‘सिंगो पार्टी कमिटी र नेतृत्व वडा र टोलमा केन्द्रित हुन आवश्यक छ ।’

सोमबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को राजनीतिक प्रतिवेदनमाथि बोल्ने क्रममा पनि नेताहरूले पार्टी उत्पादनसँग जोडिनुपर्ने र यसक्रममा गाउँ/टोल केन्द्रित हुन सकिने राय पार्टीमा राखेका छन् ।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाका अनुसार अध्यक्ष प्रचण्डसहितका सबै नेता/कार्यकर्ताहरू श्रम र उत्पादनमा जोडिनुपर्ने धारणा केन्द्रीय सदस्यहरूले राखेका हुन् ।

केन्द्रीय सदस्यहरूले राखेको धारणाबारे उनी भन्छन्, ‘प्रचण्डसहितका सबै नेता, कार्यकर्ताहरू श्रम र उत्पादनमा जोडिनुपर्छ भन्ने आएको छ । उत्पादनमा जोडिँदा श्रम र जनता दुवैसँग जोडिन सकिन्छ ।’

एमालेका केन्द्रीय सदस्यहरूले पनि पार्टी नेताहरू काठमाडौं केन्द्रित भएको र जनतासँगको सम्बन्धमा दुरी रहन गएको निष्कर्ष नेतृत्वलाई सुनाएका छन् ।

सोमबार बोल्ने केन्द्रीय सदस्यहरूले पार्टी जनतासम्म पुग्ने कार्यक्रम ल्याएर प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्नेमा जोड दिए ।

नेताहरूका अनुसार पार्टीले अघि सारेको विचार र सिद्धान्त राम्रो हुँदाहुँदै पनि परिणाम दिन नसक्नुको कारण वडा र टोलसम्म पार्टी पुग्न नसक्नु रहेको औंल्याइएको छ । पार्टीमा रहेको भनिएको गुटबन्दी हटाएर जाँदा पार्टी सफल हुने उनीहरूको राय छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार केन्द्रीय सदस्यहरूले पार्टी निर्माणमा देखिएका समस्या समाधानमा विशेष जोड दिएका छन् ।

केन्द्रीय सदस्यहरूले राखेका धारणाबारे उनी भन्छन्, ‘पार्टी स्कुलिङलाई लगातार जिल्लासम्म संचालन गर्नुपर्ने विषय आएको छ । पार्टीलाई आधारभूत तहमा सबलीकरण गर्नुपर्नेमा एकमत देखिन्छ ।’

## माओवादीमा...

केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समितिमा रूपान्तरण गरेर जाने कि ६ महिना अभियान चलाएर महाधिवेशनको विषयमा निर्णय लिने भनेर अगाडि बढ्ने विकल्प दिएका थिए । २ विकल्पमा राय राख्ने क्रममा नेताहरूले दुवैथरि मत प्रस्तुत गरेका छन् । यसक्रममा उपमहासचिवद्धय शर्मा र पुन निकटका नेताहरूले विशेष महाधिवेशन माग गरेका हुन् ।

पूर्वसभामुखसमेत रहेकी ओनसरी घर्तीले पनि विशेष महाधिवेशन मागेकी छन् । तर, प्रचण्ड पक्षधर नेताहरू भने अभियान चलाएर मात्र महाधिवेशनमा जानुपर्ने पक्षमा छन् ।

## करारका...

लिने गर्छन् । त्यसमध्ये अधिकांश बिरामीलाई भर्ना गरेर उपचार गर्नुपर्ने हुन्छ ।

सुविधा सम्पन्न भवन निर्माण समयमै सुरु नहुँदा अस्पतालमा भर्ना भएर उपचार गर्नुपर्ने बिरामीलाई प्यासेजमा र बेन्चमा राखेर उपचार हुने गरेको अस्पतालका प्रमुख डा. जगन्नाथ तिवारीले बताए ।

’बिरामीको चाप बढेपछि राख्ने स्थानको समेत अभावमा बेन्चलाई र भुइँलाई बेड बनाएर अस्पतालले उपचार गर्न थालेको छ’, डाक्टर तिवारीले भने, ‘जाडो लागेपछि हामी हरेक दिन ओपीडीमा ३०० बढी र इमर्जेन्सीमा ६० बढी बिरामीको उपचार गरिरहेका छौं ।’

मौसम परिवर्तनसँगै बिरामीको चाप अत्यधिक बढेको र जताजता व्यवस्थापन गरेर भए पनि बिरामीको उपचार गर्नुको विकल्प नभएको उनको भनाइ छ ।

अस्पतालले प्यासेजमा उपचारका लागि १५ वटाभन्दा बढी अस्थायी बेड तयार पारेको उनले बताए । यसले बिरामी र कुरुवालाई भने निकै सास्ती भएको छ । भवन निर्माणका लागि कागजी प्रक्रिया मिलाउन समय लागेको छ ।

## कोरिया...

१ वर्षभन्दा लामो समय निष्क्रिय भएर बितेको र अझै कति लामो समय कुर्नुपर्ने यकिन नहुँदा तनावपूर्ण अवस्थामा इपीएस कार्यालय घेराउमा उत्रिन बाध्य भएको बताए । दक्षिण कोरियामा पानीजहाज निर्माणको काममा जान ३२ हजारले जाँच दिएको भाषा परीक्षामा ४ हजार १०० जना उत्तीर्ण भएका थिए ।

नेपाली कामदारले पानीजहाज निर्माणमा वेल्डिङ, पेन्टिङ र इन्सुलेसनको काम पाउने नेपालीले मासिक न्यूनतम तलब २ लाख रुपैयाँ पाउने गरेका छन् । कतिपयले ओभरटाइम पाउँदा केही बढी कमाउने गरेका छन् ।

ओभरटाइममा डेढ गुणा र बिदाको दिन २ गुणासम्म पारिश्रमिक र बोनससमेत पाउँदा ३ देखि ४ लाख रुपैयाँसम्म कमाइ हुने भए पनि १ वर्ष ढिलाइ हुँदा छनोटमा परेकालाई ठूलो आर्थिक क्षति भएको छ ।

सन् २०२२ मा पहिला पानीजहाज कम्पनीमा दक्ष श्रमिकको कोटा कोरियन श्रमिकको संख्याको १० प्रतिशतले बढाएर २० प्रतिशत राख्न पाउने बनाई उनीहरूका लागि इ७-३ भिसा जारी गर्ने गरेको छ ।

ठूलाठूला पानीजहाज निर्माणमा दक्षिण कोरियाका कम्पनी विश्व प्रसिद्ध मानिन्छन् । तर, पछिल्ला दिनमा चीनले पनि ठूलाठूला पानीजहाज निर्माण सुरु गरेपछि दक्षिण कोरियाको एकाधिकार तोडिँदा रोजगारी पनि घटेको बताइएको छ ।

## ५ स्वास्थ्य...

मापदण्डअनुसार रहेको भन्दै ती ५ वटा स्वास्थ्य संस्थालाई स्वास्थ्य परीक्षणको अनुमति दिइएको जानकारी परराष्ट्र मन्त्रालयमार्फत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई गराएको थियो ।

इजरायलद्वारा छनोट गरिएका ५ वटा स्वास्थ्य संस्थाहरू वैदेशिक रोजगार ऐन, नियमावली र कार्यविधिविपरीत भएको भन्दै स्वास्थ्य व्यवसायी दिवाकर गौतम, रमेश आचार्यलगायतले १६ पुसमा उच्च अदालत पाटनमा रिट दायर गरेका थिए ।

छनोटमा परेका स्वास्थ्य संस्थाले १७ पुसदेखि स्वास्थ परीक्षण सुरुवात गरेका छन् । पहिलो चरणको स्वास्थ्य परीक्षण मंगलबार सकिँदै छ ।

## बढ्यो...

र ग्राभेल बाटोमा संचालन हुने यात्रुबाहक बस, मिनी बसका लागि यसअघि प्रतिकिलोमिटर प्रतिव्यक्ति २ रुपैयाँ ८४ पैसा रहेको र अब प्रतिव्यक्ति २ रुपैयाँ ९३ पैसा लाग्ने छ । २५ किलोमिटरदेखि २५० किलोमिटरसम्म दुरीका पक्की र ग्राभेल बाटोमा संचालन हुने यात्रुबाहक बस, मिनी बसका लागि यसअघि प्रतिकिलोमिटर प्रतिव्यक्ति २ रुपैयाँ १ पैसाबाट प्रतिव्यक्ति ३ रुपैयाँ पुगेको विभागले जनाएको छ ।

काठमाडौं-पोखरा र पोखरा-नारायणघाट खण्डका लागि प्रतिव्यक्ति प्रतिकिलोमिटर ३ रुपैयाँ १४ पैसाबाट बढेर ३ रुपैयाँ २४ पैसा लाग्ने भएको छ । मालबाहक सवारीका लागि तराईमा प्रतिकिलोमिटर प्रतिटन ७ रुपैयाँ ७२ पैसा र पहाडतर्फ प्रतिटन १४ रुपैयाँ ७७ पैसा भाडा लाग्ने छ ।

### काठमाडौंबाट मुख्य स्थानको भाडा कति ?

| रुट | दुरी (कि.मि.) | नर्मल | डिलक्स | एसी डिलक्स |
|---|---|---|---|---|
| काठमाडौं-इलाम | ६७७ | २,०५२/- | २,४६२/- | २,९५४/- |
| काठमाडौं- काँकडभिट्टा | ६१० | १,७८२ /- | २,१२९/- | २,५६७/- |
| काठमाडौं- कृष्णनगर | ३४९ | १,०४४/- | १,२५२/- | १,५०३/- |
| काठमाडौं-गाईघाट | ४४७ | १,३२१/- | १,५८५/- | १,९०२/- |
| काठमाडौं-गुलरिया | ५६६ | १,६६१/- | १,९९४/- | २,३९२/- |
| काठमाडौं-गौर | ३२९ | ९९१/- | १,१८९/- | १,४२७/- |
| काठमाडौं- धनगढी | ९०० | २,८५१/- | ३,४२१/- | ४,१०५/- |
| काठमाडौं-नेपालगंज | ५३१ | १,५६०/- | १,८७२/- | २,२४६/- |
| काठमाडौं- डडेल्धुरा | ७७३ | २,३६९/- | २,८४१/- | ३,४११/- |
| काठमाडौं-विराटनगर | ३९४ | १,४३२/- | १,७१८/- | २,०६२/- |
| काठमाडौं-बाजुरा | ९४४ | ३,१३२/- | ३,७५९/- | ४,५१०/- |
| काठमाडौं-पाल्पा | ३०९ | ९७९/- | १,१७५/- | १,४०९/- |

### स्वर्णलक्ष्मी सहकारी प्रकरण

# सांसद राईमाथि अनुसन्धान गर्न निर्देशन

काठमाडौं/मस- सरकारी वकिल कार्यालय काठमाडौंले स्वर्णलक्ष्मी सहकारी प्रकरणमा कांग्रेसकी सांसद माया राईमाथि थप अनुसन्धान गर्न निर्देशन दिएको छ ।

सहकारीको बचत अपचलनको आरोप लागेपनि प्रतिवादी नबनाएपछि राईमाथि अनुसन्धान अगाडि बढाउन निर्देशन दिइएको हो ।

उनी स्वर्णलक्ष्मीको सहसचिव रहेकी थिइन् । तर उनलाई उन्मुक्ति दिइएको आरोप छ । जिल्ला प्रहरी परिसर काठमाडौंले ४४ जनाविरूद्ध



मुद्दा चलाउन सिफारिस गरेको थियो । सरकारी वकिलको कार्यालय काठमाडौंले ३९ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाएको थियो । भोजपुरकी राई कांग्रेसकी समानुपातिक सांसद हुन् । राई उक्त सहकारीमा २०७४ मंसिर ४ गतेदेखि २०७६ भदौ २१ गतेसम्म सहसचिव थिइन् ।

# सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनमा जोड

**गण्डकी/मस**-पारदर्शीता र जवाफदेहिताका लागि सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

राष्ट्रिय सूचना आयोगको आयोजना एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको सहकार्यमा पोखरामा आयोजित प्रदेशस्तरीय अनुगमन इकाई प्रमुखसँग ‘सूचनाको अधिकार : कार्यान्वयनको चुनौति’ विषयक अन्तरक्रियाका सहभागीले सूचना दिने र लिनेबीचमा आपसी विश्वास कायम हुनुपर्ने बताएका हुन् ।

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले राज्यको सूचनामा नागरिकको पहुँच अपरिहार्य भएको बताए । हाल कतिपय स्थानमा सूचना लुकाउने प्रवृत्ति देखिएको उल्लेख गर्दै उनले सूचनालाई




सहीरुपमा लिने र दिने क्रमले पारदर्शीता र जवाफदेहिता बढ्ने धारणा राखे ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्यले नागरिकले सूचना पाउने अधिकारलाई प्रत्याभूत हुने गरी काम गर्नुपर्नेमा जोड दिए ।

सूचना लुकाउन नहुने बताउँदै उनले सूचनाको हकसम्बन्धी कानुनले व्यवस्था गरेअनुसार नागरिकलाई सहजरुपमा सूचना दिनु सूचना अधिकारीको दायित्व हुने धारणा राखे । उनले सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी भिन्न व्यक्ति हुनुपर्ने बताए ।

गण्डकी प्रदेशका प्रमुख सचिव रघुराम विष्टले सूचना दिने र लिने बीच सहज पहुँच आवश्यक हुने बताए । गण्डकी प्रदेशका प्रदेश सचिव केशबराज ढकालले प्रदेशमा सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनका सन्दर्भमा भएका प्रयास बारे जानकारी गराए ।

राष्ट्रिय सूचना आयोगका सचिव कमलप्रसाद भट्टराईले सार्वजनिक सेवा प्रवाहको कामलाई परादर्शी एवम् प्रभावकारी बनाउन सूचनाको हकको उपयोग हुनुपर्नेमा जोड दिए ।

# लागुऔषध ‘ट्रामाडोल’ बरामद

**काठमाडौं/मस**–चन्द्रागिरि नगरपालिका-२ नागढुंगाबाट प्रहरीले १५ हजार ट्याब्लेट ट्रामाडोल नामक लागुऔषध बरामद गरेको छ ।

प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्यूरो शाखा नागढुंगाबाट खटिएका प्रहरीले सुनौलीबाट काठमाडौंतर्फ आउँदै गरेको लु.२ ख ६८१८ नम्बरको बस जाँच गर्ने क्रममा डिकीमा राखी ल्याएको उक्त परिमाणको लागुऔषध फेला पारी सोमबार बरामद गरेको हो ।

उक्त लागुऔषधबारे अनुसन्धान गर्ने क्रममा काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-६ बस्ने २७ वर्षीय किरण श्रेष्ठको संलग्नता रहेको सूचनाका आधारमा प्रहरीले श्रेष्ठलाई गोंगबुस्थित नयाँ बसपार्कबाट पक्राउ गरेको छ ।

यसैबीच रूपन्देहीको कञ्चन गाउँपालिका-१ रामडाँडामा लु.३ त ४५०५ नम्बरको ट्याक्टर अनियन्त्रित भइ सोमबार दिउँसो दुर्घटना हुँदा ट्याक्टरमा सवार



सोही गाउँपालिका-२ मटेरियाका ६० वर्षीय चिन्का चौधरीको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका चौधरीको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते हुनुभएका ट्याक्टर चालक समेत गरी दुई जनाको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी उदयपुरको त्रियुगा नगरपालिका-११ मेनचोकस्थित सडकमा स.१ त ७८२१ नम्बरको ट्याक्टरले किचेर प्र.१-०५-००१ प ७६८४ नम्बरको स्कुटर चालक रौतामाईं गाउँपालिका-७ मुर्कुची बस्ने ४० वर्षीय बासु खड्काको सोमबार दिउँसो मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका खड्काको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको नेपाल प्रहरी प्रधान कार्यालयद्वारा प्रकाशित बुलेटिनमा उल्लेख छ ।

# विभाग र कोषबीच सूचना आदानप्रदान गर्ने सम्झौता

**काठमाडौं/रासस**– श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र सामाजिक सुरक्षा कोषबीच सूचना आदानप्रदान गर्ने सम्झौता भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सोमबार एक कार्यक्रमका बीच विभागका तर्फबाट उपमहानिर्देशक विपीन राजभण्डारी र कोषका तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारीले हस्ताक्षर गरे ।

एकअर्कालाई आवश्यक सूचना तथा तथ्यांक अनलाइनको माध्यमबाट आदानप्रदान गरी श्रमसम्बन्धी कानुनको परिपालनाका साथै सामाजिक सुरक्षाको सुनिश्चतता गराउने उद्देश्यका साथ २ निकायबीच सम्झौता भएको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले जानकारी दिए ।

यस सम्झौताबाट दुवै निकायले श्रम कानुनको परिपालना, सामाजिक सुरक्षाको सुनिश्चितताको विषयमा श्रम निरीक्षण, श्रम लेखापरीक्षण तथा अनुगमनका क्रममा प्रभावकारितामा वृद्धि हुन गई श्रम कानुन परिपालना हुने विश्वास लिइएको छ ।

सम्झौतासँगै व्यवसायजन्य सुरक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति, औपचारिकताको प्रवर्द्धन हुने, असल श्रम सम्बन्ध कायम भई उत्पादकत्व वृद्धि हुनुका साथै सुशासन प्रवर्द्धन एवं श्रम सम्बन्धमा गुणात्मक सुधार भई उद्योग व्यवसायको विकास र विस्तारमा टेवा पुग्ने मन्त्रालयले जनाएको छ ।

सो अवसरमा श्रम मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले सम्झौताबाट श्रमिकका हकहित थप सुरक्षित, मर्यादित र व्यवस्थित गर्न सहयोग पुग्ने बताए ।

# उपत्यकामा जनमत बढाउन अध्यक्ष दाहालका १३ प्रस्ताव



**यी हुन् १३ एजेन्डा**

१. उपत्यकाको ऐतिहासिक पुरातात्विक सांस्कृतिक महत्वको व्यक्तित्व, संस्था र सम्पदाहरुको सम्मान र जगेर्ना ।
२. व्यवस्थित सहरीकरण र बसोबास ।
३. परामपरागत सम्पदा, सांस्कृतिक धरोहर र संस्कृति रक्षासहितको विकास ।
४. फोहोर व्यवस्थापन र पर्यावरणको रक्षा ।
५. खानेपानी र ढल निकासको व्यवस्था ।
६. बागमती सभ्यताको विकास ।
७. उपत्यकाका मूल बासीहरु माथिको उत्पीडन ।
८. सार्वजनिक यातायातको व्यवस्थापन ।
९. नदी किनारका वस्तीहरुको व्यवस्थापन ।
१०. सुकुम्बासी समस्या ।
११. दैनिक सेवा प्रवाहको समस्या ।
१२. स्वबासी एवं सामुदायीक गुठीहरुको समस्या।
१३. हरियाली मनोरञ्जन पार्क ।

**काठमाडौं/मस–** माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले काठमाडौं उपत्यकाको जनमत बढाउन १३ एजेण्डा अघि सारेका छन् ।

काठमाडौंमा जारी केन्द्रीय समिति बैठकमा सोमवार अध्यक्ष दाहालले काठमाडौं उपत्यकाको जनमत बढाउन १३ एजेण्डा प्रस्ताव गरेका छन् । दाहालले १३ एजेण्डासहित एक वर्षको उपत्यका विशेष अभियान कार्यक्रम सञ्चालन गर्ने पनि योजना प्रस्तुत गरेका छन् ।

काठमाडौं, भक्तपुर र ललितपुर गरी कूल १५ वटा निर्वाचन क्षेत्र रहेकोमा गत २०७९ को प्रतिनिधि सभा निर्वाचनमा माओवादी सबैमा पराजित भएको थियो । ती जिल्लामा २१ वटा स्थानीय तह रहेकोमा माओवादीले चन्द्रागिरी-२ मा वडा अध्यक्ष र ललितपुरको २ स्थानीय तहको उपप्रमुख जितेको छ । यसरी माओवादीले सहरी इलाकाबाट विश्वास गुमाउँदै गएको छ ।

प्रचण्डले केन्द्रीय समितिमा प्रस्तुत कार्ययोजनामा सहकारी क्षेत्रमा जनमत बढाउन विभिन्न १३ वटा एजेण्डा अगाडि सारेका हुन् । जसमा उपत्यकाको ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्वको व्यक्तित्व, संस्था र सम्पदाहरूको सम्मान र जगेर्ना, व्यवस्थित सहरीकरण र बसोबास, पराम्परागत सम्पदा, सांस्कृतिक धरोहर र संस्कृति रक्षासहितको विकास छन्।

त्यस्तै, सबैभन्दा ठूलो समस्या र चुनौतिको रूपमा देखिएको फोहोर व्यवस्थापन र पर्यावरण संरक्षणलाई पनि अध्यक्ष प्रचण्डले एजेण्डा बनाएका छन् ।

खानेपानी र ढल निकासको व्यवस्था, बागमती सभ्यताको विकास, उपत्यकाका मूल बासीहरूमाथिको उत्पीडन, सार्वजनिक यातायातको व्यवस्थापनलाई पनि प्रचण्डले अगाडि सारेका छन् ।

प्रचण्डले नदी किनारका वस्तीहरूको व्यवस्थापन, सुकुम्बासी समस्या, दैनिक सेवा प्रवाहको समस्या, स्वबासी एवं सामुदायिक गुठीहरूको समस्या र हरियाली मनोरञ्जन पार्कलाई पनि एजेण्डाको रूपमा अगाडि सारेका छन् ।

# भूमि अतिक्रमणको विषय कूटनीतिक माध्यमबाट समाधान हुन्छ : गृहमन्त्री लेखक




**काठमाडौं/मस–** कञ्चनपुरको शुक्लाफाँटामा नेपाली भूमिमा भारतीय नागरिकले भोगचलन गरिरहेको विषय कूटनीतिक माध्यमबाट समाधान निकाल्ने गृहमन्त्री रमेश लेखकले बताएका छन् । मन्त्री लेखकले सरकार नेपाली भूमि र सीमाको रक्षा गर्न सरकार कटिबद्ध रहेको पनि बताए ।

प्रतिनिधिसभा अन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको सोमबारको बैठकमा मन्त्री लेखकले राज्यका संयन्त्र र सुरक्षा निकायबाट पनि भारतीय नागरिकले नेपाली भूमिमा खेतीपाती गरिरहेको कुरा जानकारीमा रहेको बताए ।

'कञ्चनपुर जिल्लामा नेपाली भूमि भारतीय नागरिकले भोग चलन गरिरहेको विषयतर्फ सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । हाम्रो भूमि, हाम्रो जमिन कञ्चनपुर जिल्लामा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा जमिन भारतीय नागरिकले भोग चलन गरिरहेको अवस्था छ । यसबारेमा सरकार जानकार छ । हामीसँग जानकारी प्राप्त भएको छ । सरकारका आफ्ना जिल्लामा रहेका प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय निकुञ्ज, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना लगायतबाट जानकारी प्राप्त भएको छ,' गृहमन्त्री लेखकले भने ।

सीमा विवाद नरहेको ठाउँमा पनि भारतीय नागरिकले नेपाली भूमि भोग चलन गरिरहेको विषयमा सरकार कूटनीतिक माध्यमबाट समाधान खोज्ने पनि गृहमन्त्री लेखकले बताए । 'आफ्नो भूमिको, सिमानाको रक्षा गर्नका लागि सरकार कटिबद्ध छ, यस किसिमले मित्र राष्ट्र भारतका नागरिकले भोग चलन गर्ने विषयमा कूटनीतिक पहलबाट समाधान गर्छौं,' लेखकले भने ।

कञ्चनपुरमा नेपाली भूमि भारतीय नागरिकले भोग चलन गरिरहेको विषयमा कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडू र एमाले सांसद रघुजी पन्तले प्रश्न उठाएका थिए ।

# 'सीमानाका अवरुद्ध हुँदा ठूलो समस्या'

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २२ पुस



रौतहटको ईशनाथ नगरपालिकाकी प्रमुख कौशल्यादेवी सिन्हाले भारतीय सीमानाकाबाट सवारी साधनको आवागमन अवरुद्ध हुँदा समस्या भएको बताएकी छन् ।

नगरप्रमुख सिन्हाले सोमबार आफ्नै कार्यकक्षमा पत्रकारहरुसँग कुरा गर्दै भनिन्, 'हाम्रो नगर क्षेत्रमा सीमानाकाबाट सवारी साधन आवागमन बन्द रहेका कारण ठूलो समस्या भोग्नु परेको छ ।'

सीमानाकाबाट रोकिएको सवारी आवागमनबारे सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गरिएको जसरी प्रचार-प्रसार भएको छ । त्यो मेल खाने काम सीमामा । नभएको नगरप्रमुख सिन्हाले बताइन् । उनले भनिन्,'आफ्नै नगरबाट सिँधै भारत जान आउन सहज थियो, तर कसले कुन नियतले गौर भएर मात्र गाडी जान्छ भने प्रावधान ल्याएर किन जनतालाई दुःख दिँदैछन् ।'

सवारी साधन बन्द भएका कारण स्थानीय प्रशासनप्रति जनता आक्रोशित हुँदै गएको वडा नम्बर ४ लतमरीकी समाजसेवी किशोरी साहले बताइन् । सवारी साधन नेपालका तर्फबाट रोकिएकोमा नेकपा एमालेका जिल्ला इन्चार्ज अजय गुप्ताले दुःख व्यक्त गरे । 'समाधान भइसकेको विषय पुनः के कति कारणले फेरि सुरु भएको हो । म यस विषयमा समाधानको प्रयास खोज्नेछु' इन्चार्ज गुप्ताले भने ।

नेकपा एकीकृत समाजवादीका नेता रेवन्त झाले पूर्ववत् भारतीय सीमानामा आवागमन सुचारु नगरिए सरकारकोविरुद्ध आन्दोलन गर्ने चेतावनी दिए । साथै नेता झाले गौर भन्सार कार्यालय र सशस्त्र प्रहरी कार्यालयलाई जनतालाई दुःख नदिन आग्रह समेत गरे ।

सीमाक्षेत्रमा भारतबाट आउने तथा नेपालबाट भारत जाने सवारीको आवागमनमा भएको समस्या समाधानका लागि स्थानीय जनप्रतिनिधि तथा नागरिक समाजले स्थानीय प्रशासनसँग पटक-पटक छलफल र ज्ञापनपत्र बझाए पनि उपलब्धी शून्य भएको ईशनाथ नगरपालिकाका पूर्व मेयर सन्तोष मेहताले बताए । उनले सो निर्णय तत्काल फिर्ता गराउन माग समेत गरे ।

जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले आवागमन सहज तुल्याउने विषयलाई लिएर जिल्लास्थित सुरक्षा समितिमा छलफल भएको बताए ।

सशस्त्र प्रहरी गण रौतहटका प्रमुख बिक्रम हुमागाईंले माथिल्लो निकायबाट स्पष्ट निर्देशन आउन नसकेकोमा पूर्ववत् आवागमन सुचारु गराउन नसकिएको बताए ।

# लेखा समिति सभापति पोखरेलका स्वकीय सचिवविरुद्ध ठगी मुद्दामा पक्राउ पुर्जी



**काठमाडौं/मस–** प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलका स्वकीय सचिव तथा एमाले मोरङ जिल्ला कमिटी सदस्य अनिलकुमार पोखरेललाई पक्राउ पुर्जी जारी भएको छ । मोरङ जिल्ला अदालतले मोरङ प्रहरीलाई सोमबार पोखरेललाई पक्राउ गर्न अनुमति दिएको हो । मोरङ जिल्ला अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले पोखरेलविरुद्ध ठगी मुद्दामा पक्राउ पुर्जी जारी भएको जानकारी दिए । पोखरेलले एमबीबीएसको प्रवेश परीक्षामा उत्तीर्ण गराइदिने भनी ३८ लाख ८० हजार रुपैयाँ ठगी गरेको सार्वजनिक भएको छ ।

एमबीबीएसको प्रवेश परीक्षामा छोरीलाई उत्तीर्ण गराइदिने र होस्टलमा राख्ने वातावरण बनाइदिने आश्वासन दिएर उनले सप्तरीका बौआलाल चौधरीबाट २०७१ देखि २०७३ सम्म पटकपटक गरेर ३८ लाख ८० हजार रुपैयाँ लिएको आरोप छ ।

# अत्यन्तै दुर्लभ 'अलिभ किलब्याक' भेटियो

**बर्दघाटं/मस–** नेपालका लागि अत्यन्त दुर्लभ मानिने अलिभ किलब्याक सर्पको पहिलो स्पष्ट तस्बिर बर्दघाटमा खिचिएको छ ।

सर्प उद्धारकर्मी दुर्गा लामिछाने र फोटोग्राफर राज अधिकारीले संयुक्त रूपमा सर्पको फोटो खिचेर ऐतिहास कायम गरेका हुन् ।

यो सर्प दक्षिण एसियामा पाइने भए पनि नेपालमा बिरलै देखिन्छ । यसअघि यो सर्पको उपस्थिति पुष्टि भए पनि स्पष्ट तस्बिर खिचिएको थिएन । यस पटकको दस्ताबेजिकरणलाई नेपालमा यस प्रजातिको पहिलो फोटोग्राफिक प्रमाणका रूपमा लिइएको छ ।

'अलिभ किलब्याक' सर्प कोलुब्रिडे परिवारमा पर्ने अविषालु प्रजाति हो । यो सर्प श्रीलंका, बंगलादेश, भारत, र नेपालमा पाइने भए पनि नेपालमा यसको उपस्थिति धेरै दुर्लभ छ । भारतको तमिलनाडु र आन्ध्र प्रदेश जस्ता क्षेत्रमा यो सर्प सामान्य रूपमा देखिन्छ । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ(आइयुसिएन) को रातो सूचीमा यस प्रजातिलाई कम चासोका प्रजातिका रूपमा वर्गीकृत गरिएको छ ।

# कांग्रेस नेता विश्वकर्माले निजी खर्चमा बनाए स्वास्थ्य भवन



**सुनसरीं/मस–** नेपाली कांग्रेसका नेता एवम् पूर्वउद्योग वाणिज्यमन्त्री मीनबहादुर विश्वकर्माले निजी लगानीमा सामुदायिक स्वास्थ्य इकाईका लागि भवन निर्माण गरेका छन् ।

सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित बराह मन्दिर परिसरमा नेता विश्वकर्माले आफ्ना स्वर्गीय बुवाआमाको स्मृतिमा 'टिका-बखत भवन सामुदायिक भवन' निर्माण गरेका हुन् ।

उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले उक्त भवनको उद्घाटन गर्दै बराहक्षेत्र नगरपालिकाका मेयर रमेश कार्कीलाई हस्तान्तरण गरे । नगरपालिकाले उक्त भवनबाट सामुदायिक स्वास्थ्य इकाईको सेवा सञ्चालन गर्नेछ ।

हाल कांग्रेसको केन्द्रीय सञ्चार तथा सूचना प्रविधि विभागको प्रमुखसमेत रहेका नेता विश्वकर्माले आफ्ना स्वर्गीय आमा टिकामाया र स्वर्गीय बखत्बहादुरको सम्झनामा उक्त भवन निर्माण गरेका हुन् ।

भवन निर्माणका लागि करिब ६० लाख रुपैयाँ खर्च भएको छ । बराह क्षेत्र मन्दिरमा आउने भक्तजन्, तीर्थालुसहित स्थानीयबासीहरूलाई समेत आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न सहज होस् भन्ने उद्देश्यले भवन निर्माण गरिएको नेता विश्वकर्माले बताए ।

'दुई वर्ष लगाएर भवन निर्माण भएर अब सामुदायिक स्वास्थ्य इकाई सञ्चालनको अवस्था बनेको छ । यसले मन्दिरमा आउने धर्मावलम्बी र स्थानीयबासीहरूलाई समेत आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्नका लागि सहज हुन्छ भन्ने अपेक्षा राखेको छु' उनले भने । भवनमा बिरामी जाँच कक्ष, स्वास्थ्यकर्मी आवास, सभाहल र पाहुना कक्षसमेत छन् ।









मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२३ पुस २०८१ मंगलबार
7 January 2025, Tuesday

सम्पादकीय

# सुधार ओलीबाटै

सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेको जारी केन्द्रीय कार्यसमिति बैठकमा केही अर्थपूर्ण विषयले प्रवेश पाएका छन् । अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली आफैँले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा सरकारले अपेक्षित काम गर्न नसकेको स्वीकार गरिएको छ । राजनीतिक स्थायित्वको विश्वास दिलाइएको, संक्रमणकालीन न्यायसम्बन्धी महत्त्वपूर्ण काम भएको, अर्थतन्त्र सुधारमा सकारात्मक सूचक देखिएको जस्ता उपलब्धिहरूसँगै प्रधानमन्त्री ओलीले जनताको अपेक्षाबमोजिम काम हुन नसकेको तथ्य उल्लेख गरेका छन् । प्रधानमन्त्रीकै प्रतिवेदनमा समावेश भएको विषयलाई अरू नेताले पनि बैठकमा उठाएका छन् । अर्थात्, वर्तमान सरकारको गति बढाउनुपर्नेमा अब भिन्न मत रहेन । प्रधानमन्त्री आफैँले स्वीकारे– सेवा प्रवाहमा सरकारको गति बढ्नुपर्छ ।

तर, प्रधानमन्त्रीकै भाषामा सहमति जनाएर बैठक सकिँदैमा मात्र सरकारको सेवा प्रवाहको स्वरूप फेरिने छैन किनकि प्रधानमन्त्रीले त सरकारले थुप्रै परिवर्तन र उपलब्धि हासिल गरेको तथ्यहरू पनि प्रस्तुत गरेका छन् । पूर्ववर्ती सरकारका कारण उत्पन्न संकट समाधानमा सरकारले ठूलै सफलता प्राप्त गरेको विवरण पनि प्रधानमन्त्री ओलीले प्रस्तुत गरेका छन् । त्यसैले 'अपेक्षित काम हुन बाँकी' भन्ने एक हरफ प्रतिवेदनमा उल्लेख गरेर मात्र पुग्दैन । त्यसका निम्ति सुधार हुने ठोस प्रस्ताव आउनुपर्छ । कुन कमजोरीले गर्दा सरकारले अपेक्षित काम गर्न सकेन भन्ने पहिचान गर्नुपर्छ किनकि समस्या पहिचान नगरी उपचार संभव छैन ।

यदि प्रधानमन्त्री ओलीसँग कमजोरी पहिचान गर्ने र त्यसको समाधान गर्ने विकल्प छैन भने अरूको सहयोग लिनुपर्छ । र, प्रधानमन्त्री ओली अहिले उपयुक्त मञ्चमा छन् । पार्टीको केन्द्रीय समिति बैठक चलिरहेकाले आफ्नै नेताहरूबाट सुझाव लिन सक्छन् । यो लोकतान्त्रिक विधि फैलँदै जाँदा अरू सरोकारवाला पनि सुझाव दिन आउँछन् । स्वयं सेवाग्राहीले उत्तम विकल्प सुझाउन सक्छन् । विज्ञहरूबाट नयाँ विकल्प पाउन सकिन्छ, जसका निम्ति प्रधानमन्त्री ओली अरूको कुरा सुन्न तयार हुनुपर्छ । लोकतान्त्रिक विधि र प्रक्रिया पनि त्यही हो । तर, एमाले बैठकमा ठीक उल्टो दृश्य देखिँदै छ । पार्टी नेतृत्वको निर्णयमा फरक मत राखेकै कारण भीम रावल निष्कासित भएका छन् । विन्दा पाण्डे र उषाकिरण तिमल्सेना निलम्बनमा परेका छन् । यो निर्णय सच्याउनुपर्ने आवाज बैठकमा उठेको छ तर यसतर्फ अध्यक्ष एवं प्रधानमन्त्री ओलीको ध्यान गएको छैन । तसर्थ, सेवा प्रवाहमार्फत नागरिकमा सरकारप्रति उत्साह ल्याउने हो भने सबभन्दा पहिले प्रधानमन्त्री ओली नै सुध्रनुपर्छ ।

# मंकीपक्स : लक्षण र उपचार

सामान्यत: संक्रमण भएको २१ दिनपछि ज्वरो आउने, ज्वरो सुरु भएको १ देखि ३ दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतालामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेसी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्ने गर्छन् । संक्रमणबाट भएको घाउ १४ देखि २१ दिनसम्म रहने र त्यसपछि सामान्यत: आफैं हराउँछ...

अग्रलेख




● डा. प्रकाश बुढाथोकी

नेपालमा पुन: १८ महिनापछि मंकीपक्स देखापरेको छ । तनहुँ स्थायी घर भई ४ पुसमा काठमाडौं आएका सउदी अरेबियामा कार्यरत ३६ वर्षीय पुरुषमा ५ पुसमा संक्रमण पुष्टि भएको हो । उनको टेकु अस्पतालमा आइसोलेसनमा राखी उपचारपश्चात् डिस्चार्ज भइसकेको छ ।

पहिलो संक्रमित ३ पुसमा विमानस्थलबाट ट्याक्सी चढेर निजी अस्पताल हुँदै सरकारी सरुवा रोग अस्पताल टेकु पुगे भने अर्का ४४ वर्षीय पुरुष १३ पुसमा १ दिन स्वयम्भूमा आफन्तकहाँ बसी आइतबार टेकु अस्पताल पुगे । उनको उपचार भइरहेको छ ।

नेपालमा पहिलो पटक एक अस्पतालमा उपचाररत ६० वर्षीया विदेशी महिलाको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको नमुनामा मंकीपक्स देखिएको स्वास्थ्य मन्त्रालयले १ असार २०८० मा पुष्टि गरेको थियो ।



सन् २०२४ सम्मको अफ्रिकाको प्रतिवेदनमा २० देशबाट ६३ हजारभन्दा बढी नमुनामा १३ हजार ५७९ बढी पुष्टि, मृत्यु १ हजार २०० भन्दा बढी छ । संक्रमण तीव्र रूपमा फैलिएपछि अफ्रिकी सीडीसीले गत १२ अगस्टमा जनस्वास्थ्य संकटकाल तथा विश्व स्वास्थ्य संगठनले १४ अगस्टमा विश्व स्वास्थ्य आपत्काल (पीएचआईसी) घोषणा गरेको थियो ।

एम-पक्स हाम्रा लागि नयाँ मानिए पनि विश्वमा पहिलेदेखि नै छ । अफ्रिकी महादेशमा दशकौं अगाडिदेखि नै देखिइरहेको छ । तथापि, विशेष चर्चा सन् २०२२ मा युरोपमा फैलन थालेपछि भएको हो । सन् २०२२ मा विश्व स्वास्थ्य संगठनले विश्वभर ७५ देशमा १६ हजार जनामा भाइरस पुष्टि भएपछि मंकीपक्सलाई विश्वव्यापी जनस्वास्थ्य आपत्काल घोषणा गरेको थियो । हाल मंकीपक्सलाई एम-पक्सको नामले सम्बोधन गरिन्छ ।

सन् १९५८ मा पहिलो पटक पश्चिम अफ्रिकाको डेनमार्कमा एक दुर्गम भेगमा एक बन्दी बाँदरमा फेला परेको थियो । त्यसपछि अफ्रिकामा विभिन्न प्रकारका लोखर्के, मुसा, न्याउरी मुसा र विभिन्न प्रजातिका बाँदरमा संक्रमण पाइएको थियो । मानिसमा भने पहिलो पटक सन् १९७० मा अफ्रिकी मुलुक कंगोमा ९ महिने बालकमा पुष्टि भएको थियो । त्यतिबेला यो रोग १० अफ्रिकी मुलुकमा फैलिएको थियो ।

सन् २००३ मा आयातित कुकुर हुँदै अमेरिकामा फैलिएको थियो । एसियामा सर्वप्रथम सन् २०१९ मा सिंगापुरमा नाइजेरियाबाट आएका व्यक्तिलाई मंकीपक्स देखिएको थियो । बाँदरबाट मानिसमा मात्र नभई मानिसबाट मानिसमा सर्न थालेको, धेरैलाई निदान गर्न कठिन भएको, खोप नभएको, संक्रमण तीव्र फैलिँदै गएको तथा अहिलेसम्म संक्रमण नदेखिएका देशमा समेत २१ दिनभित्र देखिन सक्ने भएकाले स्वास्थ्य आपत्काल घोषणा गरिएको संगठनले बताएको छ ।

सन् २०२२ जुलाईमा युरोप, अमेरिकालगायत देशमा तीव्र रूपमा फैलिई ११० देशमा ८७ हजारभन्दा बढी संक्रमित र १४० जनाको ज्यान गएको थियो । हालसम्म भारत, नेपाललगायत ११६ देशमा यो रोग देखा परिसकेको छ ।

मंकीपक्स भाइरसका क्लेड- १ २ गरी २ प्रजाति छन्, यसमा क्लेड- १ बढी संक्रामक र घातक छ । सन् २०२२ मा क्लेड- २ भेरियन्टको संक्रमण ७० बढी देशमा फैलिँदा एम-पक्सलाई जनस्वास्थ्य संकटका रूपमा घोषणा गरेको थियो । अफ्रिकामा देखिएको भेरियन्ट क्लेड- १ हो, जुन समुदायस्तरमै छ तर हाल फैलिएको नयाँ प्रजाति क्लेड- १ बी संक्रमितहरूमध्ये १० प्रतिशतभन्दा बढीको मृत्यु हुने गरेको तथ्यांक छ ।

विश्व स्वास्थ्य संगठनले एउटा बिरामीलाई समेत गम्भीर मानेको छ । मध्य एवं पश्चिमी अफ्रिकी देशको जंगली स्थानमा पाइने बाँदरबाट मानिसमा सरेकाले मंकीपक्स नामकरण गरिएको हो ।

**कस्ता हुन्छन् लक्षण ?**

सामान्यत: संक्रमण भएको २१ दिनपछि ज्वरो आउने, ज्वरो सुरु भएको १ देखि ३ दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतालामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेसी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्ने गर्छन् । संक्रमणबाट भएको घाउ १४ देखि २१ दिनसम्म रहने र त्यसपछि सामान्यत: आफैं हराउँछ । बिमिराको प्रकृति चिकन पक्स अर्थात् ठेउला र भिरिंगीसँग मिल्दोजुल्दो छ ।

संक्रमण भएको १ देखि २१ दिनसम्ममा एम-पक्सका लक्षणहरू देखिने गर्छन् र २ देखि ४ हप्तासम्ममा अधिकांश संक्रमितले स्वास्थ्यलाभ गरिसक्छन् । 'न्यु इंग्ल्यान्ड जर्नल अफ मेडिसिन'मा प्रकाशित अनुसन्धानमा संक्रमितहरूमध्ये सबैभन्दा बढीमा शरीरको विशेषत: गुप्तांग, मलद्वारमा घाउ, पानीका फोकाहरू देखिएको छ । लक्षण १४ देखि २८ दिनसम्म रहन सक्छ र पछि सामान्यत: आफैं हराउँछ ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा लक्षण देखिने अवधि २ देखि ३ सातासम्म रहन्छ । संक्रमितमध्ये १० प्रतिशतमा स्वास्थ्य जटिलता भएर मृत्यु हुन सक्छ । गर्भवती, बालबालिका र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरूमा जटिलता हुन सक्छ । सम्भावित जटिलताहरूमा आँखामा संक्रमण र दृष्टि गुम्नु, अन्य जीवाणुको संक्रमण, निमोनिया, मस्तिष्क ज्वर, गर्भ खेर जाने र मृत्यु पर्छन् ।

**सर्ने माध्यम**

सम्पर्कमा आएका ५० जनामध्ये १ जनामा सर्ने यो रोग अन्य संक्रामक रोग तथा बिमिरा ठेउला र भिरिंगीको बिमिरासँग मल्दोजुल्दो भएकाले स्वास्थ्यकर्मी झुक्किने सम्भावना बढी छ ।

रोग संक्रमित व्यक्ति वा पशुसँग नजिकको सम्पर्कमा आउँदा तिनीहरूको थुक, र्‍याल, घाउ, खटिरा, शरीरबाट निस्कने तरल पदार्थ, दूषित सतह र मांसपेसीबाट सर्ने गर्छ । भाइरस स्वास नली, आँखा, नाक वा मुख काटिएको, टोकिएको वा फुटेका छालामार्फत पनि सर्न सक्छ ।

यस्तै, बाँदर, मुसा लोखर्केलगायतका जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट पनि सर्न र फैलिन सक्छ । संक्रमितसँगको यौन सम्पर्कबाट पनि सर्न सक्छ । तथापि, वीर्यबाट सर्ने प्रमाणित भइसकेको छैन । गर्भवतीमा गर्भबाट बच्चामा सर्न सक्छ । फोका, लुगाफाटोलगायतमा संक्रमण हुँदा सर्ने जोखिम बढी रहन्छ ।

**उपचार तथा रोकथाम**

धेरैजसो मानिसमा यसले कुनै जटिलता नल्याउने र २ देखि ४ हप्तामा आफैं निको हुन्छ । तथापि, बच्चा, वृद्धवृद्धा र दीर्घरोगीलाई भने च्याप्ने र छाला, आँखा तथा अंगको संक्रमण, निमोनिया, इन्सेफ्लाइटिस जस्ता जटिलता ल्याउने गर्छ ।

रोगको मृत्यु दर शून्यदेखि ११ प्रतिशत छ । सिकिस्त बिरामीका लागि एन्टिभाइरल औषधि टेकोभिरिम्याट पनि उपलब्ध छ ।

कोरोना संक्रमणमा अपनाइएका मास्कको प्रयोग, हावा ओहोरदोहोर गर्ने स्थान, साबुन-पानीले हातको सरसफाइ जस्ता स्वास्थ्य मापदण्ड पालनालाई निरन्तरता दिनुपर्छ ।

संक्रमितले प्रयोग गरेका लुगाफाटा, बिछ्यौनालाई निसंक्रमित गरेर मात्र अन्यले प्रयोग गर्नुपर्छ । सन् १९८० मा उन्मूलन भएको बिफरका लागि प्रयोग हुने खोप मंकीपक्समा ८५ प्रतिशत प्रभावकारी रहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

संक्रमण भएको ४ दिनभित्र खोप लिन सकिन्छ र ४ देखि १४ दिनभित्रमा खोप दिन सके संक्रमणको जटिलतालाई धेरै हदसम्म कम गर्न सकिन्छ । बिफरको एन्टिभाइरल औषधि प्रयोग गर्न सकिने भए पनि सजिलै उपलब्ध छैन र खोप नै सफल मानिन्छ ।

बिफर उन्मूलन भइसकेकाले त्यसको खोप विश्वमा पाउन गाह्रो छ । बजारमा पर्याप्त मात्रामा नभए पनि अन्कारा नामक खोपको २ मात्रा लगाउन सकिन्छ । यो खोप सन् २०१९ देखि अमेरिका, क्यानाडा युरोपमा मान्यताप्राप्त छ ।

उच्च जोखिममा भएका स्वास्थ्यकर्मी, ल्याबमा काम गर्नेले खोप लगाउँदा हुन्छ । विगतदेखि नै समलिंगी बढी संक्रमित छन् । बिफरको खोपले मुटुको मांसपेसी सुजन, रोग प्रतिरोधात्मक क्षमता दबाउने, एचआईभी जस्ता रोग लागेकालाई पनि जोखिम छ भने एक्जेमाका बिरामीलाई प्राणघातक छ ।

नयाँ पुस्ताका खोप जिन्नेइओस जस्ता खोप ठूला समूहलाई दिन सुरक्षित छन् । तथापि, अहिलेका लागि संक्रमण रोक्न रिङ भ्याक्सिनेसन नै पर्याप्त छ । हाल प्रयोगमा आइरहेको एम-पक्स भाइरसको सक्रिय भाइरस प्रयोग भएकाले एसीएएम २००० नामक खोपले इम्युनोकम्प्रोमाइज्ड व्यक्तिमा प्रयोगमा नल्याउन सीडीसीले अनुरोध गरेको थियो । निष्क्रिय भाइरस प्रयोग गरिएको कम असर हुने जेन्नोइज नामक खोप पनि उपलब्ध छ ।

रोकथामका लागि स्मल पक्स संक्रमणविरुद्ध प्रयोगमा ल्याइएको एसीएम २०० र जेनिओज नामक खोप हाल प्रयोगमा ल्याइएको छ । सामान्यतया बिफर उन्मूलन भइसकेपछि उपचारका लागि तयार पारिएका खोप र औषधिलाई जैविक हतियारका रूपमा प्रयोग गर्न सुरक्षित राखिएको थियो । सीडीसीले बिफरको उपचारमा प्रयोग गरिने २ एन्टिभाइरल औषधि टीपीओएक्स र सिडोफोभिर मंकीपक्सविरुद्ध प्रयोग गर्न अनुमतिसमेत दिएको छ । कुनै खोप नभए पनि बिफरको खोप ८५ प्रतिशत प्रभावकारी हुने विश्व स्वास्थ्य संगठनले जनाएको छ । असुरक्षित यौन सम्पर्कबाट पनि सरेकाले कन्डम प्रयोग गर्न र यौन साथीहरू परिवर्तन गरेकामा लक्षणहरूमा ध्यान दिनुपर्छ । भाइरस बोक्न सक्ने जनावरहरू, बिरामी वा मरेका जनावर, बाँदर, मुसा जस्ता संक्रमणको इतिहास भएकाहरूको सम्पर्कमा आउनु हुँदैन । संदिग्ध जनावर वा मानिससँग सम्पर्कमा आएपछि स्यानिटाइजर वा साबुन-पानीले हात धुने गर्नुपर्छ ।

संक्रमित वा संदिग्धको हेरचाह गर्दा पीपीई लगाउने, राम्रोसँग पकाएको मासु मात्र खाने र मंकीपक्स सतह र सामग्रीमार्फत पनि सर्न सक्ने भएकाले बिरामी व्यक्ति वा जनावरको सम्पर्कमा रहेका सामग्रीहरू छुनु हुँदैन ।

आमनागरिक जिम्मेवार नहुँदा सरकारको तयारी मात्र पर्याप्त हुँदैन । तसर्थ, ज्वरो आएको ३ दिनभित्र अनुहार, हत्केला र पैतालामा डाबर देखिए स्वास्थ्य मन्त्रालयको हटलाइन १११५ मा जानकारी गराउनुपर्छ । एम-पक्सको शंका वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने, संक्रमित व्यक्तिलाई घर वा अस्पतालमा आइसोलेसनमा राख्ने, संक्रमित व्यक्तिको हेरचाह गर्नेले पूर्ण रूपमा जनस्वास्थ्यका मापदण्डहरू पालना गर्ने, घाउसँग प्रत्यक्ष सम्पर्क हुन सक्ने जोखिममा पञ्जा लगाउने, नियमित रूपमा साबुन-पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, संक्रमितका लुगा, तौलिया, ओछ्यान, भाँडाहरू तातोपानी, साबुन, डिटर्जेन्टले धुने गर्नुपर्छ ।

**(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन् ।)**

## इतिहासमा आज

७ जनवरी १७८९ मा अमेरिकी जनताले जर्ज वासिंगटनलाई पहिलो राष्ट्रपति चुन्नका लागि मतदान गरेका थिए ।



७ जनवरी १९७२ मा स्पेनको इबिसा क्षेत्रमा विमान दुर्घटना हुँदा चालक दलका ६ जनासहित १०८ जनाको मृत्यु भएको थियो ।



७ जनवरी १९९९ मा अमेरिकी राष्ट्रपति बिल क्लिन्टनविरुद्ध महाअभियोगको कारबाही सुरु भएको थियो ।



७ जनवरी २०१५ मा फ्रान्सको पेरिसमा २ बन्दुकधारीले 'चार्ली हेब्दो' पत्रिकाको कार्यालयमा आक्रमण गर्दा १२ जनाको मृत्यु भएको थियो ।




## सामाजिक सञ्जाल




**विनोद न्यौपाने**

उठाएको राजस्व, राजनीतिक पार्टीका मान्छे, कर्मचारी र जनप्रतिनिधिको तलब-भत्ता, घोडा र गाडीमै सकियो । अब बीपी राजमार्ग बनाउन ९ अर्ब कता कन्सिरी कन्याउनु ? रोशी र नख्खु कसरी रोकथाम गर्नु ? दूधको पैसो ? ठेकेदारको पैसो ?

अहिले नेपालको कर्पोरेट क्षेत्रलाई लगाम लगाउनुपर्छ । केबलकार होटेल खोल्छन्, लागतको तेब्बर ऋण लिएको देखाउँछन्, आईपीओ जारी गर्छन्, जनतालाई १५ प्रतिशत शेयर दिन्छन्, ३ वर्षपछि १० गुणामा बेचेर सबैलाई फसाउँछन् । अब स्थानीय जनताले सबै प्रोजेक्टमा ९० प्रतिशत स्वामित्व ग्रहण गर्नुपर्ने कानुन बनाउनुपर्छ । देश लुटेराहरूको अखडा भो ।



**नवराज पन्त**



**मानवी पौडेल**

यो तन्त्र असफल भएको पहिलो प्रमाणचाहिँ पूर्वराष्ट्रपति र उपराष्ट्रपति सक्रिय राजनीतिमा फर्किनु हो । न जनताको माग, न उनीहरू सक्रिय राजनीतिमा आएर केही लछारपाटो लगाउनु । अझ पूर्वराष्ट्रपति र उपराष्ट्रपतिको हैसियतमा पाउने राज्यको सुविधा उपभोग गर्दै पार्टीको राजनीति गर्न अलिकति अप्ठ्यारो नलाग्ने है ?

मान्छेको वास्तविक परीक्षण सजिलो, स्वार्थपूर्ति र पदीय महत्त्वाकांक्षामा होइन, संकट, त्याग र संघर्षको समयमा हुन्छ । आफ्नै लागि आउनेहरू आए, सकेजति लाभ लिए र गए । हाइट र लाइट एमालेकै टोपी, धोती अनि गुन्यु-चोली लगाएर बढाए । खाएको थालमा चुठ्नु राम्रो होइन, झन् गएपछि सराप्ने संस्कार वाहियात नै हो ।



**गोकुल बाँस्कोटा**

# कम्युनिस्ट आन्दोलन र संसद्वाद

विचार



● ईश्वर बुढाथोकी

संसद्वादका सम्बन्धमा क्रान्तिकारीहरूले स्पष्टसँग जनताका सामु बोल्नुपर्छ र संशोधनवादले मार्क्सवादकै खोल ओढेर पुरानै संशोधनवादी सारलाई अघि बढाउने काम गर्दै आएको सत्यलाई छर्लंग पार्न सक्नुपर्छ । संशोधनवादले संसद्वादको पक्षपोषण गर्ने तथा जनतालाई धोका दिने काम गर्दै आएको छ...

विगत र अहिलेको सत्ताको स्वरूप एवं चरित्रमा कुनै आधारभूत अन्तर पाइँदैन । हिजो पनि सत्ता सामन्त, नोकरशाही र दलाल पुँजीपतिहरूकै हातमा थियो र आज पनि त्यही छ । समाजको आर्थिक तथा सामाजिक आधारमा कुनै खास अन्तर आएको छैन ।

विश्वको कुनै पनि उत्पीडित राष्ट्रको प्रतिक्रियावादी राजनीतिक सत्ता साम्राज्यवादको हिसाबकिताबअनुसार चलिरहेको छ । नेपाली कम्युनिस्ट आन्दोलनभित्र व्यवस्थालाई हेर्ने फरक-फरक दृष्टिकोणहरू छन् । त्यसमा पहिलो र बलशाली संसद्बाट नै जनवाद प्राप्त गर्न सकिन्छ भन्ने छ । यो बहुमत ल्याएर सरकार गठन गर्न प्रयत्न गर्ने प्रवृत्ति हो । यो कम्युनिस्ट आन्दोलनभित्रको घोर संशोधनवादी प्रवृत्ति हो ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा बदनाम गद्दार काउत्स्की, ख्रुस्चेभकै यो जारी रूप हो । दोस्रो, व्यवस्थाको भण्डाफोर गर्न र जनतालाई प्रशिक्षित गर्न संसद्वादको पनि विविध ढंगले उपयोग गरी अगाडि बढ्नु रहेको छ । त्यसैले मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा दृढतापूर्वक संघर्ष गर्न र प्रतिक्रियावादी र संसद्वादीहरूमाथि विजय प्राप्त गर्न अगाडि बढ्नु रहेको छ । अहिले क्रान्तिकारीहरूले जतिसुकै प्रतिकूल परिस्थिति भए पनि धैर्य र साहसका साथ आत्मविश्वासपूर्वक संघर्ष गर्नु जरुरी छ ।

संसद्वादका सम्बन्धमा क्रान्तिकारीहरूले स्पष्टसँग जनताका सामु बोल्नुपर्छ र संशोधनवादले मार्क्सवादकै खोल ओढेर पुरानै संशोधनवादी सारलाई अघि बढाउने काम गर्दै आएको सत्यलाई छर्लंग पार्न सक्नुपर्छ । संशोधनवादले संसद्वादको पक्षपोषण गर्ने तथा जनतालाई धोका दिने काम गर्दै आएको छ ।

मार्क्सवाद र संशोधनवादका बीचको लडाइँ यथार्थमा क्रान्ति र प्रतिक्रान्तिका बीचको लडाइँ हो । संसदीय व्यवस्था पुँजीवादी सत्ताको राजनीतिक स्वरूप हो । पुँजीपति वर्गले सामन्तवादीहरूबाट सत्ता हत्याएपछि 'प्रजातन्त्र'का नाममा संसदीय प्रणाली स्थापना भएको थियो र त्यसैको नाममा व्यवस्था संचालन गरियो ।

संसद्वाद वर्गीय उत्पीडनको उपकरण हो । रुपैयाँ र शक्तिको आडमा संचालन गरिने राजनीति नै संसद्वाद हो । अहिले नेपालमा अप्रत्यक्ष लोकतन्त्र अभ्यासमा छ । यसले दलाल नवऔपनिवेशिक पुँजीवादी संसदीय व्यवस्थालाई जन्म दिएको छ । पुँजीवादी संसदीय अर्थ व्यवस्थाकै कारण राष्ट्रिय अर्थतन्त्र धराशायी बन्दै गएको छ । संसद्वाद वास्तविक रूपमा जनताको व्यवस्था होइन । यो मूल रूपमा पुँजीपति वर्गको हितमा संगठित र संचालित प्रजातन्त्र हो । संसद्वादले जनतालाई भ्रम पस्केको छ । संशोधनवादीहरूले संसद्वादलाई प्रगतिशील बताएर आफ्नो शोषणलाई अक्षुण्ण राख्ने कसरत गर्दै आएका छन् । नेपाली कम्युनिस्ट आन्दोलनमा संसद्वादको खतरा कायमै छ । २००६ सालमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीभित्र भीषण २ लाइन संघर्ष चल्दै आएको छ । सुधारवाद, राजावादी लाइन, संसदीय लाइन, वर्ग संघर्षको लाइन, चुनाव बहिस्कारको लाइन, बहुदलीय जनवादको लाइन, जनयुद्ध र जनविद्रोहको फ्युजनको लाइन, लोकतान्त्रिक गणतन्त्रको लाइन, संविधानसभाको लाइन, विद्रोहको लाइन, एकीकृत जनक्रान्तिको लाइन, समाजवादको लाइन संघर्षहरू उत्कर्षमा थिए र छन् पनि ।

नेपालको कम्युनिस्ट आन्दोलनमा आएको टुटफुट र विभाजन तथा नेतृत्व परिवर्तनले एकीकृत कम्युनिस्ट आन्दोलनको निर्माणलाई धक्का पुर्‍याएको छ । कम्युनिस्टहरू वास्तवमा भन्ने हो भने संसद्वादमा विश्वास गर्दैनन् र गर्नु पनि हुँदैन । संसद्वादको पोखरीमा डुबुल्की मार्नु कम्युनिस्टहरूको सैद्धान्तिक लाइन हुँदै होइन । वैज्ञानिक समाजवादी जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्यसहित अगाडि बढ्नेहरू मात्र वास्तविक कम्युनिस्ट हुन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# वीरगन्जलाई देशकै आर्थिक राजधानी घोषणा गर्न माग

**आविद हुसेन/मध्यान्ह**
वीरगन्ज, २२ पुस



आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले वीरगन्जलाई देशकै आर्थिक राजधानी घोषणा गर्न माग गरेका छन् ।

आजपा पर्सा जिल्ला कमिटीको सोमबार वीरगन्जमा सम्पन्न बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले उक्त माग गरेका हुन् ।

उनले वीरगन्जलाई देशकै आर्थिक राजधानी घोषणा गराउन र भ्रष्टाचारविरुद्ध जागरण गर्ने उद्देश्यले यही पुस २७ गते खबरदारी सभा गरिने उनले बताए ।

खबरदारी सभामा अध्यक्ष साह र अन्य शिर्ष नेताहरूले विशेष सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

आजपाले मधेशमा हालै भ्रष्टाचारविरुद्ध जागरण अभियान चलाएको थियो ।

मुलुकमा भ्रष्टाचार बढ्दै गएपनि सरकार मुकदर्शक बनेको समेत अध्यक्षा साहले बताए । 'सरकारकै संरक्षणमा भ्रष्टाचार बढ्दै गइरहेको छ । हरेक काण्डमा सरकारका मान्छेहरु संलग्न रहेका छन् । मुलुक लुटिरहेको सरकारले भ्रष्टाचारीलाई संरक्षण गरिरहेको छ,' आजपा अध्यक्ष साहले भने, 'भ्रष्टाचार नियन्त्रण गर्ने सरकारी निकायहरुकै संलग्नतामा हरेक क्षेत्रमा भ्रष्टाचार बढ्दै गइरहेको छ । भ्रष्टाचारविरुद्ध आवाज उठाउने उद्देश्यले हामीले खबरदारी सभा गर्न लागेका छौं ।'

साहले संघीय संरचना आउनुभन्दा अघि वीरगन्जलाई राजधानी बनाउने भनिएपनि धोका भएको बताए । प्रदेशको राजधानी वीरगन्जलाई बनाउन भनिए पनि षड्यन्त्र गरिएको बताउँदै उनले वीरगन्जलाई आर्थिक राजधानी घोषणा गर्न पनि षड्यन्त्र भइरहेको आरोप लगाए ।

'काठमाडौं प्रशासनिक राजधानी हुने, पोखरा पर्यटकीय राजधानी हुने तर वीरगन्ज आर्थिक राजधानी किन नहुने ? हामीले वीरगन्जलाई जसरी पनि आर्थिक राजधानी घोषणा गराएरै छाड्ने छौं,' उनले भने, 'यदी विरगन्जलाई आर्थिक राजधानी घोषणा गरिएन भने हामी चुप लागेर बस्दैनौं । अहिले खबरदारी सभा गरिरहेका छ, सरकारले हाम्रो माग सम्बोधनमा ढिलाइ गरे यो भन्दा कडा आन्दोलन गर्न हामी बाध्य हुन्छौं ।' उनले सरकारले हरेक बस्तु र क्षेत्रमा मनोमानी कर लगाएर मुलुकलाई धरासायी बनाउँदै गरिरहेको आरोप लगाए ।

# पूर्वनगरप्रमुख शिवाकोटी कारागार चलान



**झापा/मस–** झापा जिल्ला अदालतले विर्तामोड नगरपालिकाका निवर्तमान नगरप्रमुख ध्रुव शिवाकोटीलाई जबरजस्ती करणी अभियोगमा पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ ।

जिल्ला न्यायाधीश नविनकुमार जोशीको एकल इजलाशले शिवाकोटीलाई उक्त आदेश जारी गरेको अदालतका सूचना अधिकारी रामचन्द्र बस्नेतले जानकारी दिए । आदेश बमोजिम उनी सोमबार पुर्पक्षका लागि झापा कारागार चलान भएका छन् । घरेलु कामदारको रुपमा बस्दै आएकी १५ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गत मंसिर २४ गते शिवाकोटीलाई प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ परेपछि उनी थुनाकै क्रममा उपचारका लागि विर्तामोडको बीएन्डसी अस्पताल भर्ना भएका थिए । 'प्रहरीको अनुसन्धान सकिएपछि उहाँलाई अदालतमा उपस्थित गराइएको थियो', सूचना अधिकारी बस्नेतले भने,'हिजो र आज दुई दिनमा बयान सकिएको छ । आज थुनछेकको बहसपछि उहाँलाई पछि ठहरे बमोजिम हुने गरी हाललाई थुनामा राखी पुर्पक्ष गर्ने आदेश भएको हो । 'प्रहरीले पेस गरेको अभियोगपत्रमा अभियुक्त शिवाकोटीमाथि १२ वर्षसम्म कैद सजायको माग दाबी गरिएको छ । उक्त मुद्दाको सुनुवाई अदालतको बन्द इजलासमा भएको थियो ।

## लेटाङ नगरपालिकाको

### दररेट पेश गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०९/२३**

लेटाङ नगरपालिका आ.व. २०८१/०८२ मा तपसिल बमोजिमका कार्य गर्नका लागि योग्य र मौजुदा सूचीमा सूचीकृत इच्छुक फर्महरुलाई गोप्य रुपमा दररेट पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. बालमैत्री स्थानीय शासन (वडा नं ४)

**तपसिल**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | दररेट बुझाउने मिति | सूचना प्रकाशन भएको मितिबाट ७ दिन कार्यालय समय भित्र |
| २. | संलग्न गर्नुपर्ने कागजातहरु | १. दररेट पेश गरिएको पत्र,<br>२. लेटाङ नगरपालिकामा मौजुदा सूचीमा सूचीकृत भएको प्रमाण,<br>३. स्वघोषणा पत्र,<br>४. कार्यक्षेत्रगत शर्त बमोजिमका आवश्यक कागजातहरु<br>५. कबोल रकम अङ्क र अक्षरमा (BOQ) बमोजिम |

१. मौजुदा सूचीमा सूचीकृत हुन सम्बन्धित फर्महरुले बैधानिक कागजातहरु पेश गर्नुपर्नेछ । कार्यक्षेत्रगत शर्त र BOQ यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. मूल्याङ्कन तथा अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सो को नियमावली २०६४ बमोजिम हुनेछ ।
३. थप जानकारी आवश्यक भएमा यस कार्यालयको समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मस्तिष्कघातको नि:शुल्क उपचार गर्ने तयारी




**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सरकारले मस्तिष्कघातको नि:शुल्क उपचारको तयारी गरिरहेको बताएका छन् ।

कान्ति बाल अस्पतालको ६३औं वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित कार्यक्रममा उनले यसका लागि मन्त्रालयले कार्ययोजना बनाइरहेको बताए । उनले कान्ति बाल अस्पतालमा बाल क्यान्सरको नि:शुल्क उपचारको व्यवस्था बनाइसकेको समेत उल्लेख गरे ।

कान्ति बाल अस्पतालमा भौतिक पूर्वाधार र जनशक्तिको अभाव रहेको विषयमा आफू जानकार रहेको बताउँदै उनले मन्त्रालयका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । 'अस्पतालले हाल सीमित स्रोत र साधनका बावजुद गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ, यसैका कारण धेरैको विश्वास कान्तिमा छ', उनले भने ।

त्यस अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले कान्ति अस्पताललाई बाल स्वास्थ्य अध्ययन संस्थानका रुपमा विकास गर्न आवश्यक रहेको धारणा राखे । 'अस्पतालमा शय्याको संख्या बढाए पनि बिरामीको चाप कम भएको छैन', उनले भने, 'अस्पतालमा बिरामीको चाप कम गर्न प्रत्येक प्रदेशमा एक सयदेखि तीन सय शय्यासम्मको बाल अस्पताल निर्माण गर्नुपर्छ ।'

अस्पताल विकास समितिका अध्यक्ष श्रीराम सुवेदीले अस्पताल चिकित्सा क्षेत्रको राष्ट्रिय सम्पदाका रुपमा रहेको उल्लेख गरे । उनले भने, 'अस्पतालले उपचार सेवामा विविधिकरण र विशिष्टीकरण गरेको छ । हाल १४ वर्ष मुनिका उपचार गर्ने बालबालिकाको संख्या २८ प्रतिशत छ । यो समूहलाई उपचार सेवा दिएर ठूलो सेवा गरेको छ ।'

उनले बिरामीको चापको अनुपातमा भौतिक संरचना र जनशक्ति कम रहेको बताए । अस्पतालले वार्षिकोत्सवको अवसरमा वायु गुणस्तर मापन उपकरण जडान गरेको उनले जानकारी दिए । अस्पतालका निर्देशक डा.पंकज रायले अस्पतालमा हाल जनशक्ति र भौतिक पूर्वाधारमा कमी रहेकाले सुधार गर्दै जानुपर्ने आवश्यकता औंल्याए ।

'अस्पतालमा अहिले पनि शल्यक्रियाका लागि पालो पर्खिनुपर्ने अवस्था छ । सघन उपचार कक्ष पनि थप गर्नुपर्नेछ', उनले भने, 'अस्पतालको वृहत गुरुयोजना अनुरुप विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)को काम सुरु भइसकेको छ ।' उनले थप स्रोत जुटाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कतार दूतावाससँग पहल गरिरहेको जानकारी दिए ।

देशको एकमात्र सरकारी केन्द्रीय तथा रिफरल बाल अस्पतालका रुपमा रहेको कान्ति बाल विसं २०१९ पुस २२ गते स्थापना भएको हो । तत्कालीन समयमा ५० शय्याबाट सुरु भएको यस अस्पतालमा हाल तीन सय ७२ शय्या छन् । अस्पतालले आर्थिक वर्ष २०८०/८१ म एक लाख ८० हजार बालबालिकालाई सेवा उपलब्ध गराएको सो अवसरमा जानकारी दिइएको थियो ।

## Koshi Rural Municipality
## Office of Rural Municipal Executive

**Laukahi, Sunsari**
**Koshi Province, Nepal**

### Letter of Intent to award the contract

**Date of Publication: January 7, 2025 (2081/09/23)**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following lowest evaluated substantially responsive bidder. Corresponding lowest evaluated substantially responsive bid is selected in accordance with ITB 22 & 24.1 of bidding document and this notice is published as per PPA, 2063 clause 27.2.

| Name of Project | Contract ID | Name and Address of Qualified Bidder | Bid Amount (with VAT) |
|---|---|---|---|
| Procurement and Supply of Stationary Materials. | 02/KOSHI/SQ/GO/2081-082 | N.P. Trade and Stationery Suppliers, Baneshwor-34, Kathmandu | 3,87,307.50 |

**Chief Administrative Officer**

# सुदूरपश्चिम एमालेमा ४६ जनाले दिए संयुक्त राजीनामा




**काठमाडौं/मस–** एमाले गोदावरी नगर कमिटी अत्तरिया, कैलालीका ४६ जनाले दिए सामूहिक राजीनामा दिएका छन् । ११ पुसदेखि लागू हुने गरी ४६ जना नेता तथा कार्यकर्ताहरूले राजीनामा दिएका हुन् ।

गोदावारी नगरकमिटीका सदस्य कल्पनाकुमारी विकसहित ४६ सदस्यहरूले संयुक्त राजीनामा दिएका छन् । एमालेमा बस्दा पटक-पटक अपमानित र अपहेलित हुनुपरेको भन्दै उनीहरूले संयुक्त राजीनामा दिएको बताएका छन् ।

माओवादी पृष्ठभूमिका उनीहरू एमाले र माओवादी मिलेर बनेको नेकपा विभाजनपछि एमालेमै बसेकेका थिए ।

तत्कालीन माओवादीले गरेको जनयुद्धलाई इन्कार गर्न नसकिने र अहिलेको गणतन्त्र, संघीयता, समावेशिता सबै जनयुद्ध कै जगमा आएको निष्कर्षसहित उनीहरू एमालेबाट बाहिरिएका हुन् ।

एमाले महासचिव शंकर पोखरेल र अन्य केही नेताहरूले जनयुद्धका बारेमा लगातार प्रहार गरेपछि यहाँभित्र बसिरहन आवश्यक नठानेको उनीहरूले राजीनामा दिँदै उल्लेख गरेका छन् ।

१० पुसमा एमालेको सचिवालय बैठकले पार्टी उपाध्यक्ष रहेका भीम रावललाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो । सो पश्चात् ४६ जना नेता तथा कार्यकर्ताहरूले ११ पुसमा सामूहिक राजीनामा दिनुले रावल समर्थक रहेको बुझ्न सकिन्छ ।

## Kakani Rural Municipality
## Office of the Rural Executive

**Ranipauwa, Nuwakot**
**Est: 2073**
**Bagamati Province**

### Invitation for Sealed Quotation

**Notice No 07/COMP/KRM/081-082**
**Date of Publication: 2025/01/07**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites sealed quotations from Eligible Bidders for the supply, delivery and instalation following goods.

| Contract No | Description | Estimate amount including VAT | Bid Security Amount | Bid security Validity period | Price of Bid Document | Last Date of Submission | Bid opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| 07/COMP/ KRM/081-082 | Supply and Delivery of Computer and peripherals | 1014500 | 30000 | 90 | 1000 | 2025/01/22 12:00 Hrs | 2025/01/22, 13:00 Hrs at office of municipal executive , Kakani , Ranipauwa |

2. Details of Bank for Cost Bid Document Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042 , Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advised to visit e-gp portal of PPMO's Website  for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.

**युएईमा रोजगार**

कम्पनीः AL MAKTB AL JADEED BUILDING MAINTENANCE — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/२२ — चलानी नं.: ६०२३०९६९ — LT. No.: 316745

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 50 | 0 | स. काममा दक्ष | 1200 | ४४,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २ गते (15 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd. — Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

# व्यक्तिगत सूचनामा अनधिकृत पहुँच नदिनू : सर्वोच्च

**काठमाडौं/मस–** सर्वोच्च अदालतले व्यक्तिगत सूचनामा अनधिकृत पहुँच नदिन नेपाल टेलिकमको नाममा आदेश गरेको छ ।

न्यायाधीश डा.नहकुल सुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजलासले २०८१ भदौ २५ गते गरेको फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै सोमबार सर्वोच्चले व्यक्तिलाई गोपनीयता, वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने हक भएकाले त्यस्ता सूचनामा पहुँच नदिन भनेको हो ।




'कुनै पनि व्यक्तिको व्यक्तिगत लिखत, तथ्याङ्क र पत्राचार आदि कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने संवैधानिक व्यवस्था छ, यस्तो हकको संरक्षण गर्नु राज्यको दायित्व हुने विषयमा विवाद भएन । व्यक्तिगत सूचनामा अनधिकृत रूपमा हुने कुनै पनि प्रकारको पहुँचले व्यक्तिको गोपनीयताको हक, वैयक्तिक स्वतन्त्रताको हक र सम्मानपूर्वक बाँच्न पाउने हकजस्ता मौलिकहकसम्बन्धी संवैधानिक व्यवस्थाको समेत गम्भीर उल्लङ्घन हुने भएकाले बिलिङ प्रणालीको खरिद तथा जडान कार्यमा समेत त्यस्ता मौलिक हक संरक्षणको सुनिश्चितता र यससम्बन्धी खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चितता गर्नू', फैसलाको पूर्णपाठमा भनिएको छ ।

फैसलामा बोलपत्रबमोजिम खरिद गरिने 'बिलिङ' प्रणालीमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) का सेवाग्राहीको मोबाइल फोनमा रहेका सूचना र तथ्यांकसम्म आपूर्तिकर्ताको पहुँच पुग्ने र यसबाट नागरिकका संवेदनशील एवं गोप्य सूचना जोखिममा पर्ने भनी जिकिर लिएको अवस्था देखिएको उल्लेख छ । फैसलामा भनिएको छ,'त्यस्तो स्थिति उत्पन्न भएमा नागरिकका वैयक्तिक स्वतन्त्रता र मर्यादाको संरक्षण तथा राष्ट्रिय सार्वभौमिकता एवम् सुरक्षामा समेत गम्भीर आघात पर्न जान्छ ।'

नेपाल टेलिकमले एकीकृत 'बिलिङ' प्रणालीलाई विस्थापित गरी 'सीआरटीबी' प्रणाली जडान गर्न गत चैत १८ गते बोलपत्रसमेत आह्वान गरेको थियो । उक्त कार्य नयाँ नभई त्रुटिपूर्ण, खर्चिलो र ग्राहकको गोपनीयता चुहिन सक्ने तथा नेपाल टेलिकमलाई आर्थिक क्षति हुने प्रक्रिया भएको भन्दै रीता कार्कीले सर्वोच्च अदालतमा रिट निवदेन दायर गरेकी थिइन् । उक्त निवेदनमाथिको सुनवाइपछि यस्तो फैसलामा भएको हो ।

'कुनै पनि सार्वजनिक निकायको खरिद प्रक्रिया स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी मितव्ययीसमेत हुनुपर्ने हुन्छ । लामो समयसम्म अवरुद्ध खरिद प्रक्रियाको पुनः सुरुआत गर्दा कम्पनीको सञ्चालक समितिले कम्पनीको हितलाई अधिकतम ख्याल गरी खरिद प्रक्रिया अघि बढाउने भनी निर्णय गरेको र खरिद प्रक्रियामा बोलपत्रका सर्तको व्याख्या गर्दा कम्पनीको अधिकतम हितलाई ध्यानमा राखी प्रत्यर्थी कम्पनीलाई थप आर्थिक व्ययभार नपर्ने गरी सम्झौताको व्याख्या तथा कार्यान्वयन गर्नू/गराउनू', फैसलामा भनिएको छ ।

# वन्यजन्तुको आक्रमणबाट ८३ को मृत्यु

**काठमाडौं/मस–** नेपालमा चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म वन्यजन्तुको आक्रमणबाट ८३ जनाले ज्यान गुमाएका छन् । यस्तै, जनावरको आक्रमणबाट पाँच सय ९९ जना घाइते भएका प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले तीमध्ये सबैभन्दा बढी सर्पले डसेर मृत्यु तथा घाइते भएका बताए । उनका अनुसार सर्पले डसेर मात्रै ७० जनाको मृत्यु भएको छ भने पाँच सय ३२ जना घाइते भएका छन् ।

यस्तै, गैंडाको आक्रमणबाट चारको मृत्यु र १४ जना घाइते तथा बाघको आक्रमणबाट तीनको मृत्यु र २४ जना घाइते भएका छन् । हात्तीको आक्रमणबाट छको मृत्यु र १४ जना घाइते तथा भालुको आक्रमणबाट १५ जना घाइते भएका पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

मुख्यगरी निकुञ्ज आसपास क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमण हुने गरेको छ । जंगलमा घाँस दाउरा लिन र जङ्गली तरकारी खोज्न जाँदा वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएको जनाइएको छ । पछिल्लो समयमा भने बस्तीमै प्रवेश गरी वन्यजन्तुले हानी पुर्‍याउने गरेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता वेदकुमार ढकालले आहाराको खोजी र विभिन्न कारणले बस्तीमा प्रवेश गर्ने वन्यजन्तु नियन्त्रणका लागि निकुञ्जले काम गरिरहेको बताए ।

# सुन गोहोरोसहित दुई जना पक्राउ



**काठमाडौं/मस–** विराटनगर महानगरपालिका-१३ कोशी राजमार्गबाट ६ वटा दुर्लभ जनावर सुन गोहोरोसहित दुई जना पक्राउ परेका छन् ।

भारतबाट विराटनगरतर्फ आउँदै गरेका उनीहरूलाई सोमबार बिहान पक्राउ गरिएको हो ।

प्रहरीले सुनसरीको बर्जु गाउँपालिका-१ का ५८ वर्षीय बुद्धि ऋषिदेव र ५६ वर्षीय सुरेश ऋषिदेवलाई कारबाहीका लागि जिल्ला डिभिजन वन कार्यालय पठाएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।


## रैनादेवी छहरा गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१-०९-२३**

यस कार्यालयको मिति २०८१-०७-२७ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा **www.bolpatra.gov.np/egp** समेत प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही भई आर्थिक बोलपत्र खोल्नको लागि निर्णय भई आए बमोजिम सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ङ (५) बमोजिम तपसिलमा उल्लेखित मिति समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिलः**

| क्र.स. | बोलपत्र न. | निर्माण कार्यको नाम | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु | | आर्थिक प्रस्ताव खोलिने मिति, समय तथा स्थानः |
|---|---|---|---|---|---|
| | RRM/PAL/W/NCB-08/2081-82 | Upgrading of Chhahara-Dhajabanne-Tansingal-Satmure Road (Dhajabanne - Tallo Diga section) (Ch 1+520 to 3+100) | १. | वेस्टर्न पपुलर कन्स्ट्रक्सन., तम्घास-०९, गुल्मी । | मिति २०८१ माघ ०३ गते दिउँसो १:०० बजे स्थान : रैनादेवी छहरा गाउँपालिका,छहरा पाल्पा । |
| | | | २. | जय देउराली निर्माण सेवा, सैनामैना-०२, रुपन्देही । | |
| | | | ३. | सोचन सृष्टी-महारुद्र जे.भी., हेटौडा-०३, मकवानपुर । | |
| | | | ४. | शिव निर्माण सेवा, दुम्कीवास-०१, नवलपरासी । | |
| | | | ५. | पशुपती निर्माण सेवा, पोखराथोक, पाल्पा । | |
| | | | ६. | शंख ध्वनी-सन्त कन्स्ट्रक्सन जे.भी, इन्द्रसरोवार-०१, मकवानपुर । | |

**प्रमुख प्रशासकीय अधिकृत**



## उपभोक्ता सयूक्त खरिद समिति
कुमाख गाउँपालिका, सल्यान

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२३ गते)**

कुमाख गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं ५ र ६ मा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् लगायतका सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाइ गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिलः**

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर (हिमालयन शाखा रागेचौर सल्यान) | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी बाहेकको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | सिलबन्दि जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| NKWASH/SQ/01/081/082 | निगालखोला खानेपानी तथा सरसफाई योजना कुमाख -५, निगालखोला, सल्यान | ०५९२२७४८७८००१७ | ११,१५,६२०.९९ | १०००।०० | ३७८१९ |
| RNWASH/SQ/02/081/082 | रानिखोला देखि नयाँगाउँसम्म खानेपानी तथा सरसफाई योजना कुमाख-६, गोलखपुर, सल्यान | ०५९२२७४३९६००१७ | २८,०६,८१८.८४५ | ३,०००।०० | ९५१५१ |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्सहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखीत शुल्क तिरी (पछि फिर्ता नहुने गरी) कुमाख गाउँपालिका रागेचौर शाखा रहेको हिमालयन बैंक लिमिटेडको KUMAKH GA.PA.AANTARIK RAJ.KHA G 1.1 खाता नं. ०५९०७७९७६३००११ मा (राजश्व शिर्षक नं. १४२४९) नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा https://sutrarevenue.fcgo.gov.np/web/#/login मार्फत सृजित भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ताको समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहित लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समयभित्र गाउँपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेतबाट खरिद गर्न सकिनेछ र उक्त सिलबन्दी दरभाउपत्रमा कार्यालयको र कार्यालय प्रमुखको छाप र हस्ताक्षर अनिबार्य रुपमा हुनु पर्नेछ ।
२. खरिद गरिएको दरभाउपत्र फारमहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको दिउसो १२:०० बजेभित्र प्रचलित कानून बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाई मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको बैंकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउपत्र पेश गर्न सक्नेछ तर सो दरभाउपत्रहरु प्रत्येक योजनाको छुट्टाछुट्टै भरि छुट्टाछुट्टै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फारम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं., उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।
३. सम्भावित सप्लायर र आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौ दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन Pre–Bid Meeting गरिनेछ । यस्तो मीटिंग गाउँपालिकाको कार्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (online) माध्यमबाट समेत गर्न सकिनेछ । साथै सप्लायर आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर आपूर्तिकर्तालाई समेत दिइनेछ ।
४. सफल दरभाउपत्रदाताले दरभाउपत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु. [०.८५× लागत अनुमान-कबोल मूल्य)×०.५]+५% कवोल मूल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ता समितिको हिमालयन बैंक शाखा रागेचौरको खातामा जम्मा गर्नु पर्नेछ ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको दिउसो १२:०० (२०८१/१०/०८) गते बजेभित्र कुमाख गाउँपालिका कार्यालय रागेचौरमा प्राप्त भईसक्नु पर्नेछ ।
६. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थानसम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।
७. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८१/१०/०८ गतेमा गाउँ कार्यपालिकाको कार्यालय रागेचौरमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।
८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।
९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
१०. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ, दररेट लेख्दा दिइएको तालिकाभित्र लेख्नु पर्नेछ ।
११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।
१२. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फारम साथै उपलब्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।
१३. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना गाउँ कार्यपालिकाको कार्यालय, रागेचौर सूचना पाटीमा टाँस गरिनेछ ।
१४. अन्य थप जानकारी चाहिएमा सल्यान जिल्ला कुमाख गाउँपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८६६९२१३५९, ९८६६८२९०३५ वा टोल फ्री न १८१०५०००२०५) मा सम्पर्क गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**



MANJUSHREE FINANCE LIMITED
## मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७८२५१७, फ्याक्स : ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com
Email: info@manjushreefinance.com.np

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०९/२३**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय-समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय, नयाँ वानेश्वरमा ०८ औं दिन वा सो दिन विंदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्वन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडी बढाईनेछ । साथै, शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : सुरज कुमार सुनार**<br>बाबु : कालुराम सुनार<br>बाजे : नर विर सुनार<br>ना.प्र.नं. : ६६१०३९/५०<br>जारी मिति : २०६४/१०/१३, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला राधापुर गा.वि.स./उ.म.न.पा. वडा नं. ०४ को परिवर्तीत खजुरा गा.पा. वडा नं. ०१ ।<br>**कर्जाको प्रकार : सानो सजिलो कर्जा** | **व्यक्तिगत जमानिकर्ता : विष्णु सुनार**<br>बाबु : दिल बहादुर सुनार<br>पति : तेज बहादुर सुनार<br>ना.प्र.नं. : ६६३०३९/२०७<br>जारी मिति : २०६३/१०/१४, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला राधापुर गा.वि.स. वडा नं. ०४ को परिवर्तीत खजुरा गा.पा. वडा नं. ०१ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| श्री सुरज कुमार सुनारको नाममा मा.पो.का., नेपालगञ्ज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, राधापुर न.पा./गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ०३५/१४०२ स्थित कि.नं. १६९ र १९८ को क्षेत्रफल क्रमश (१९२२ व.मी.) र (३९१.७४ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |
| **२. ऋणीको विवरण** | |
| **ऋणीको नाम :** प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता रजिष्ट्रेसन ऐन, २०७७ बमोजिम प्रदेश सरकार प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षरण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरी मा मिति २०७७/१०/०४ मा प्रा.फा.नं. १६८०७/०७७/०७८ बाट दर्ता भई स्थाई लेखा नं. ६०८५०४५०४ भएको सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०६, स्थित रजिष्टर्ड कार्यालय रहेको **बाघेश्वरी पशुपालन तथा माछा कृषि फर्म ।**<br>**(प्रोप्राईटर : सुनीता कुमारी श्रेष्ठ )**<br>**(ख) ऋणीको नाम : रमेश कुमार पाल**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा/व्यक्तिगत आवधिक कर्जा** | |
| **प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : सुनीता कुमारी श्रेष्ठ**<br>बाबु : विलाट सिह श्रेष्ठ<br>पति : रमेश कुमार पाल<br>ना.प्र.नं. : ०६४०३९९/४२३९९<br>जारी मिति : २०५४/०५/१९, जि.प्र.का : सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला चिमडी गा.वि.स/उ.म.न.पा. वडा नं. ०५ ।<br>हाल : सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०६ । | **व्यक्तिगत जमानिकर्ता : रमेश कुमार पाल**<br>बाबु : जगदिस पाल<br>बाजे : मधुकर पाल<br>ना.प्र.नं. : ०६५७१५५/५८१५५<br>जारी मिति : २०५७/०९/०२, जि.प्र.का : सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला चिमडी गा.वि.स/उ.म.न.पा. वडा नं. ०१ ।<br>हाल : सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०६ । |
| **व्यक्तिगत जमानिकर्ता : तारा देवी पाल**<br>बाबु : सोमी मंडल<br>पति : जगदिस पाल<br>ना.प्र.नं. : ०६३०१६/६२६, जारी मिति : २०६३/११/२३, जि.प्र.का. : सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला चिमडी गा.वि.स/उ.म.न.पा. वडा नं. ०१, हालः सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०६ । | |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| (क) सुनिता कुमारी श्रेष्ठको नाममा मा.पो.का., इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, चिमडी गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १क स्थित कि.नं. १२२९ को क्षेत्रफल ०-१०-०-० (३३८६.४० व.मि) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>(ख) तारा देवी पाल को नाममा मा.पो.का., इनरुवा, सुनसरी मा दर्ता कायम रहेको सुनसरी जिल्ला, चिमडी गा.वि.स/न.पा वडा नं. १ नक्सा सीट नं. १क, स्थित कि.नं. ३७१ को क्षेत्रफल ०-५-१०-० (१८६२.५२ व.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |

**शर्तहरु :**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ वानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर
**समय** : दिउसो ४:०० बजे, **मिति** : २०८१/१०/०२

# नियोकद्वारा नवनियुक्त राजदूतहरूलाई सम्मान

**काठमाडौं/मस-** राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति( नियोक)ले विभिन्न देशमा नियुक्त भएका नेपाली राजदूतहरुलाई सम्मान गरेको छ ।



काठमाडौंमा आयोजित विशेष समारोहकाबीच नियोकले प्रा.कपिल श्रेष्ठ, सुम्निमा तुलाधर र डा.नेत्रप्रसाद तिम्सिनालाई सम्मान गरेको हो ।

लामो समयसम्म सामाजिक आन्दोलन र मानव अधिकारको क्षेत्रमा क्रियाशील प्रा.श्रेष्ठलाई सरकारले दक्षिण अफ्रिकाको राजदूत नियुक्त गरेको छ भने महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशील तुलाधरलाई डेनमार्कको राजदूतमा नियुक्त गरिएको छ । यस्तै, गैरसरकारी संस्था महासंघ, नेपालका पूर्वअध्यक्ष तिम्सिना मलेसियाको राजदूत नियुक्त भएका छन् ।

अधिकारकर्मी प्रा.श्रेष्ठ नियोकका निवर्तमान अध्यक्ष हुन् भने तिम्सिना र तुलाधर सल्लाहकार हुन् । तीनैजनाले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिइसकेका छन् ।

कार्यक्रममा नियोककी अध्यक्ष स्टेला तामाङले लामो समयसम्म मानव अधिकारको क्षेत्रमा क्रियाशील रहेर नयाँ भूमिका र जिम्मेवारी सम्हाल्न लागेकोमा तीनै जना राजदूतहरुलाई बधाई तथा शुभेच्छा व्यक्त गरिन् । नवनियुक्त राजदूतहरूले आफुले पाएको जिम्मेवारी कटिबद्ध भएर निर्वाह गर्ने प्रतिबद्धता जनाएका थिए ।

# ट्र्याक्टरले ठक्कर दिंदा स्कुटर चालकको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २२ पुस

उदयपुरमा ट्र्याक्टरले स्कूटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ । सोमबार गाईघाट बजारको मेनचोक नजिक स.१ त ७८ २१ नम्बरको ट्र्याक्टरले प्रदेश १-०५-००१ प ७६८४ नम्बरको स्कुटरलाई सोही दिशामा पछाडिबाट ठक्कर दिएको हो ।

स्कुटर चालक रौतामाई गाउँपालिका वडा नं ७ मुर्कुचींका ४० वर्षीय बासु खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

दुर्घटनामा घाइते खड्कालाई जिल्ला अस्पताल उदयपुमा उपचारको लागि लगिएकोमा अस्पतालले मृत घोषणा गरेको थियो । ठक्कर दिने ट्र्याक्टर र चालक त्रियुगा नगरपालिका ४ निवासी क्रान्ति चौधरीलाई जिल्ला प्रहरी कार्यालय उदयपुरले नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको छ ।

# शीतलपुरमा विद्यार्थीलाई पोसाक वितरण

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २२ पुस

रौतहट फतुवा बिजयपुर नगरपालिका-२ शीतलपुरमा रहेको दलित प्राथमिक विद्यालयका विद्यार्थीहरुलाई स्कुल पोसाक वितरण गरिएको छ । सोमबार एक कार्यक्रमबीच उक्त विद्यालयमा अध्ययनरत एक सय ८० जना विद्यार्थीलाई ७९/८० र ८०/८१ को छात्रवृत्तिबाट स्कुल पोसाक वितरण गरिएको प्रधानाध्यापक राजेन्द्र हजराले बताए ।



विद्यार्थीहरुलाई नियमित विद्यालयमा आउन र पठनपाठनमा सहज होस् भन्ने उद्देश्यले स्कुल पोसाक वितरण गरिएको शिक्षक सत्यदेव ठाकुरले बताए ।

स्कुल ड्रेस वितरण कार्यक्रममा बोल्दै वडाध्यक्ष अनिरुद्व यादव संजयले आफूहरुले स्थानीय निर्वाचनमा स्वास्थ्य शिक्षा रोजगारलाई पहिलो प्राथमिकता राखेकाले उक्त शैक्षिक सुधारको एक अंश भएको र विद्यार्थीहरुलाई शिक्षामा टेवा पुगोस् भन्ने उद्देश्यले स्कुल पोसाक वितरण गरिएको बताए । कार्यक्रममा शिक्षक सियाराम यादव, अभिभावक ब्रम्ह्देव यादव, जगदीश यादव, राजेन्द्र तिवारी लगायतको उपस्थिति रहेको थियो ।

# ७ जिल्लाका प्रजिअ फेरिए




**काठमाडौं/मस-** गृह मन्त्रालयले १२ जना सहसचिव तथा उपसचिवको सरुवा गरेको छ । काठमाडौंसहित सात जिल्लाका प्रमुख जिल्ला अधिकारी सरुवा भएका हुन् । काठमाडौंको प्रजिअमा गृह मन्त्रालयका ऋषिराम तिवारीलाई खटाइएको छ । त्यस्तै, धर्मेन्द्र मिश्रलाई सुनसरी, गोगनबहादुर हमालको कैलाली, तुलसीबहादुर श्रेष्ठ सर्लाही, इन्द्रदेव यादव मोरङ, गोपालकुमार अधिकारी झापा र सावित्रा पुनलाई सल्यानमा प्रजिअ बनाइएको छ ।

काठमाडौंका प्रजिअ जयनारायण आचार्यको गृह मन्त्रालयमा सरुवा भएको छ । उनको शैक्षिक प्रमाणपत्र नक्कली भएको भनेर सर्वोच्च अदालतले हालै एक फैसलामा बोलेपछि उनी विवादमा परेका थिए । मोरङका सिडिओ प्रेमप्रसाद भट्टराई, झापाका बन्धु बाँस्तोला र सुनसरीका रामचन्द्र तिवारीको गृह मन्त्रालयअन्तर्गत सरुवा भएको छ ।

## Kushma Municipality
## Office of Municipal Executive
**Kushma, Parbat**
**Gandaki Province, Nepal**

### Notice for the Letter of Intent

**First Date of Publication: 2081/09/23**

As per section 27(2) of Public Procurement Act, 2063 this is to notify to all concerned bidders that, we are going to award following contract as per the Invitation for online bids published on 2081/07/23, the following listed Lowest Evaluated Substantially Responsive Bidder have been selected to award the contract.

| Contract Number | Description of Works | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price (without VAT, PS & Contigencyies) in NRs. |
|---|---|---|---|
| KM/W/NCB/ PAR/01(081/82) | Construction & Upgrading Works of Naromto - Cacharichwok - Bharatikhor - Lampata Sadak | Subedi Nirman Sewa Ku Na Pa 3 | 28,05,832.00 |
| KM/W/NCB/ PAR/02(081/82) | Construction & Upgrading Works of Padhale Chwok - Lamichhane Kul Mandir Sadak | Subedi Nirman Sewa Ku Na Pa 3 | 27,74,441.40 |
| KM/W/NCB/ PAR/03(081/82) | Construction & Upgrading works of Cyclechowk- harharedil- Modibeni Sadak | Modi Kali Construction, Modi-06- Parbat | 28,37,878.50 |
| KM/W/NCB/ PAR/04(081/82) | Construction & Upgrading Works of Bhirmuni- Rimal Chowk Sadak | Surya Nirman Sewa Ku Na Pa 9 | 32,41,430.60 |

**Chief Administrative Officer**

## Mandandeupur Municipality
## Office of Municipal Executive
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

### INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 07th Jan 2025)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp.

| S/N | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Veterinary Aausadhi tatha samagri kharid | 12/Goods/NCB/MDM/081/82 | 06/02/2025 12:00 hrs. | 06/02/2025 13:00 hrs. | Nrs. 3000 | Nrs. 62,500 | Nrs. 24,82,740.00 |
| 2 | Supply and Delivery of Medicine For Mandandeupur Municipality | 13/Goods/NCB/MDM/081/82 | 06/02/2025 12:00 hrs. | 06/02/2025 13:00 hrs. | Nrs. 3000 | Nrs. 87,500.00 | Nrs. 34,26,675.00 |

## Madi Municipality
## Baghauda Hospital
**Basantapur, Chitwan**
**Bagmati Province, Nepal**

### Invitation for e-bid

**First date of Publication: 2081/09/23 (7th Jan 2025)**

1. Baghauda Hospital, Madi, Chitwan invites electronic bids from duly eligible and qualified registered bidders for the Procurement of Goods under National Competitive Bidding (NCB) Procedure.

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Without VAT) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/BH/ 04/2081-82 | Procurement of Chemical Related goods on CLIA Analyser (YHLO I Flash-1800) Machine as per as Specification. | 26,87,873.20 | 70,000.00 | 3,000.00 | 6th Feb 2025 12:00 hrs | 6th Feb 2025 13:00 hrs |

2. A complete set of Bidding Documents may be downloaded from the PPMO E-Portal- www.Bolpatra.gov.np/egp :

**Information to deposit the Bid Security & cost of bidding document in Bank:**

| S. N. | Name of Bank | Bank Address | Cash Deposit Account Name & Number for Bid Document and Bid Security |
|---|---|---|---|
| 1. | Agricultural Development Bank | Basantapur, Madi, Chitwan | Baghauda Hospital (0508801705633019) |

3. Bid validity period: - Minimum 90 days from the last date of bid submission.
4. Bid Security validity period: - Minimum 30 days beyond the bid validity period
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The matters not Covered in this tender notice shall be in accordance with latest amendments of Public Procurement Act-2063, Public Procurement Regulation-2064.

**Acting Medical Superintendent**

## नेपाल खानेपानी संस्थान
**शाखा कार्यालय गौशाला, महोत्तरी**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितीः २०८१/०९/२३ (7th Jan 2025)**

यस नेपाल खानेपानी संस्थान, शाखा कार्यालय गौशाला, महोत्तरीद्धारा मिति २०८१/०८/१२ गते हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं.: 03/NWSC/GAUSHALA/WORKS/2081-082, Construction of 300/200 mm dia. Deep Tube well up to a depth of 200 m मा पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कीत र सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने अन्य बोलपत्रदातालाई समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिलः**

| क.सं | ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागी छनौट बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १. | 03/NWSC/GAUSHALA/ WORKS/2081-082 | Construction of 300/200mm dia. Deep Tube well up to a depth of 200 m | श्री बमशंकर कन्स्ट्रक्सन एण्ड बमशंकर डिपटयूबवेल ड्रिलिङ्ग सेवा, नार्घो, सप्तरी, मधेश प्रदेश | रु.२९,४७,०४०/- |

**नेपाल खानेपानी संस्थान शाखा कार्यालय गौशाला, महोत्तरी**

# अर्घाखाँची महोत्सव हुँदै

सरु भुसाल/मध्यान्ह
अर्घाखाँची, २२ पुस




'व्यवसायिक लगानी अभिवृद्धि, उन्नति र समृद्धि' भन्ने मूल नाराका साथ छैटौं अर्घाखाँची महोत्सव हुने भएको छ ।

अर्घाखाँचीको परम्परागत कला, संस्कृति, औद्योगिक व्यापार, घरेलु, कृषि, पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यही पुस २९ गतेदेखि माघ १२ गतेसम्म महोत्सव हुन लागेको हो ।

महोत्सवको मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सन्धिखर्क नगरपालिका वडा नम्बर १ मा रहेको कुडुले फाँटमा महोत्सवका लागि आवश्यक प्रक्रिया पूरा गरी सकिएको र अहिले स्टल निर्माणको काम भइरहेको अर्घाखाँची उद्योग वाणिज्य संघका अध्यक्ष प्रदिप मिश्रले जानकारी दिए ।

महोत्सवमा ३ सय भन्दा बढी स्टलहरु राखिनेछ । स्थानीय कृषि, दुग्धजन्य उत्पादनका लागि ५० स्टल निःशुल्क तथा अर्घाखाँचीका स्थानीय व्यवसायीलाई ५० प्रतिशत छुटमा स्टल उपलब्ध गराउने तयारी गरिरहेको युवा व्यवसायी उद्योग वाणिज्य संघका सचिव सन्तोष बस्नेतले बताए ।

महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्रीहरु, कृषि, घरेलु उद्योग, विभिन्न प्रकारका लत्ता कपडाहरु, खाद्यान्न, अटोमोबाइल, जुत्ताहरु, कृषि तथा हस्तकलाका सामग्रीहरु, कृषि औजारका सामग्रीहरुको स्टलहरु हुने आयोजकले बताएको छ ।

त्यसैगरी महोत्सवमा बिक्री हुने सामग्रीहरुमा विशेष छुटको व्यवस्था हुने, मनोरञ्जनका लागि महोत्सवमा बाल उद्यान, रोटे पिङ, ड्रागन, नाउ, मिनि बञ्जी जम्प, वाटर बल्ब, मिकी माउस, टेम्पोलिङग, स्करपियोको आदिका साथमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको हाँस्यव्यङ्ग्य तथा गीत गायनको बेजोड प्रस्तुती प्रत्येक दिन रहने उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष युवराज श्रेष्ठले बताए ।

महोत्सवमा स्टलका प्रकारहरुमा कृषि सामग्री प्रदर्शनी, घरेलु उद्योग उत्पादन, स्वास्थ्य शिविर, मिडिया डेस्क,जुत्ता चप्पल, घडि, चश्मा, पर्श, बेल्ट, जलप ज्वेलरी, रेडिमेट गार्मेन्ट, कुटिरा, अचार, पाउभण्डार, फेन्सी, सिरक, ब्ल्याकेट, ईलेक्ट्रोनीक, अटो मोबाइल, होटल तथा रेष्टुरेन्ट,बैंक तथा वित्तीय सहकारी इत्यादिका स्टलहरु रहने उद्योग वाणिज्य संघ अर्घाखाँचीका महासचिव तुल्सीराम बन्जाडेले बताए ।

कृषि, पर्यटन र औद्योगिक क्षेत्रलाई प्रवद्धन गर्ने, धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने, कला, संस्कृति र सभ्यतालाई प्रवद्धन गर्ने, उत्पादक तथा सेवाप्रदायक र उपभोक्ता बीच बलियो सम्बन्ध निर्माण गर्ने लक्ष्यका साथ आयोजना गरिएको महोत्सवमा स्थानीय उत्पादनलाई जोड दिइने अर्घाखाँची उधोग बाणिज्य सघका अध्यक्ष तथा महोत्सव मुल समारोह समितिका संयोजक प्रदिप मिश्रले पत्रकार सम्मेलनमा दाबि गरे ।

स्थानीय उत्पादनको प्रवर्द्धनसँगै कला, संस्कृति, भाषा, भेषभूषा, मौलिक पहिचान झल्किन सांस्कृतिक गतिविधिसहित स्थानीय प्रतिभा, नवप्रतिभाको खोजी गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको औद्योगिक शान्ति नेपालका अध्यक्ष सन्दीप महतले बताए ।

महोत्सवमा विद्यार्थीहरुलाई प्रवेश शुल्क ५० रुपैयाँ, सर्वसाधारणलाई ८० रुपैयाँ प्रवेश शुल्क लिइनेछ भने जेष्ठ नागरिक, अशक्तहरुलाई प्रवेश निःशुल्क बनाइएको छ ।

# संघीय समाजवादीको जिल्ला जनजागरण भेला

इसत्याक अहमद/मध्यान्ह
रौतहट, २२ पुस




नेपाल संघीय समाजवादी पार्टीको जिल्ला भेला तथा पार्टी प्रवेश कार्यक्रम रौतहट गरुडा नगरपालिकामा सम्पन्न भएको छ । कार्यक्रममा पार्टीको संगठनात्मक संरचना विस्तार र आगामी कार्यदिशाबारे गहन छलफल गरिएको थियो । जिल्ला भेला अन्तर्गत रौतहट जिल्लाका १ देखि ४ निर्वाचन क्षेत्रकाहरु क्षेत्रीय अध्यक्षहरूको चयन गरी निकट भविष्यमा क्षेत्रीय भेला गर्ने निर्णय गरिएको छ ।

क्षेत्रीय भेलापछि जिल्ला स्तरीय भेला आयोजनाको योजना बनाइएको यसले पार्टीको संगठनलाई थप बलियो बनाउँदै जिल्ला स्तरमा एकीकृत रूपमा अगाडि बढ्ने मार्ग प्रशस्त गर्ने विश्वास गरिएको छ ।

कार्यक्रममा नेपाल संघीय समाजवादी पार्टीका रौतहट जिल्ला अध्यक्ष अनिशुर रहमानसहित सम्पूर्ण जिल्ला पदाधिकारीहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

प्रमुख अतिथिका रूपमा पार्टीका केन्द्रीय अध्यक्ष एवं पूर्व संघीय गृह राज्यमन्त्री रिजवान अन्सारी रहेका थिए ।

त्यसैगरी मधेश प्रदेशका पूर्व गृह, सञ्चार तथा कानुनमन्त्री बिमला अन्सारी, जिल्ला इन्चार्ज लक्ष्मी प्रसाद साह, मौलाना अनीसुर रहमान र मौलाना नसिर लगायत अन्य थुप्रै नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा उपस्थित प्रमुख नेताहरूले संगठनात्मक एकताका लागि सक्रिय रूपमा योगदान गर्न कार्यकर्ताहरूलाई प्रेरित गरेका थिए ।

पार्टीका केन्द्रीय अध्यक्ष रिजवान अन्सारीले संघीय समाजवादी पार्टीले मुलुकको सामाजिक, आर्थिक र राजनीतिक विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले पार्टीले मधेशी समुदायका मुद्दाहरू मात्र नभइ सम्पूर्ण नेपाली जनताको हितमा काम गर्ने बताए ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Well Growing Recruitment Pvt. Ltd.** श्रम इजाजत पत्र न. १५१३/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेबार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | प्रतिक्षा शाही | Receptionist | ६४-०१-७५-००५२७ |

श्रम इजाजत न. १५१३/०७४/०७५

**Well Growing Recruitment (P.) Ltd.**
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal.
Phone: 01-5916635. Email : wellgrowing@gmail.com.
www.wellgrowingrecruitment.com.np.

नेपाल सरकार
वैदेशिक रोजगार विभाग,काठमाडौं

## दावी विरोध सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :२०८१/०९/२३

